# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता

माधव अधिकारी

क्याम्पस क्रमाङ्क : ६० - २०६८/०७२
परीक्षा क्रमाङ्क : २०४००३५/२०७०
त्रि.वि दर्ता नं : ९-२-४६७-१०७-२००८

नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका निम्ति प्रस्तुत शोधपत्र

त्रिभुवन विश्व विद्यालय

शिक्षा शास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस

सुरूङ्गा, झापा

सन् २०१६

# प्रतिबद्धता-पत्र

प्रस्तुत *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

...........................

माधव अधिकारी

(शोधार्थी)

एम्. एड्. दोस्रो वर्ष

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

### शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ प्रयोजनार्थ प्रस्तुत *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता* नामक शोध शीर्षकको शोधपत्र यस क्याम्पसका शोधार्थी छात्र माधव अधिकारीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसँग म पूर्ण रूपमा सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

शेरबहादुर बानियाँ
**शोधनिर्देशक**
उपप्राध्यापक नेपाली शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस,
सुरुङ्गा, झापा

*सन् २६ जनवरी २०१६*

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोधपत्रलाई प्रस्तुतियोग्य बनाउनका लागि शोध निर्देशक कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक आदरणीय गुरु श्री शेरबहादुर बानियाँले पुऱ्याउनु भएको सहयोगका लागि आभार प्रकट गर्दछु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझावहरू दिनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका नेपाली विभागका विभागीय प्रमुख उप.प्रा. श्री विष्णुप्रसाद कोइराला तथा क्याम्पस प्रमुख टंकप्रसाद कार्की साथै मेरा आदारणीय गुरुहरू प्रा. श्री जीवनाथ सुवेदी, सहायक प्रा. कोमलप्रसाद पोखरेल र सहायक प्रा. श्री तेजप्रसाद खनालप्रति म कृतज्ञ छु । जीवनका चुनौतिपूर्ण घडीहरूमा समेत मेरो अध्ययनको अवसरमा कुनै व्यवधान खडा हुन नदिई यस अवस्थासम्म ल्याइपुर्‍याउनु हुने मेरा श्रद्धेय माता भक्तिदेवी र पिता इन्द्रनारायण अधिकारी तथा दिदी सीतादेवी र भिनाजु लक्ष्मीप्रसाद न्यौपानेप्रति आभार एवम् कृतज्ञता प्रकट गर्दछु । यो शोधपत्र तयारीका क्रममा मलाई सल्लाह सुझाव दिनुहुने महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचलमा कार्यरत साहायक प्राध्यापक आदरणीय दाइ रामचन्द्र खनाल प्रति विशेष आभार प्रकट गर्न चाहान्छु । त्यस्तै आवश्यक सहयोग गर्नु हुने दाइहरू कुलप्रसाद बराल, प्रदीप खतिवडा, खेमराज बस्नेत तथा साथीहरू युवराज कार्की, योगनिधि भट्टराई, नरेन्द्रप्रकाश थापा, तेजेन्द्रप्रकाश थापा, मदन थापा, घनश्याम बरालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अध्ययनको क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने छनोटमा परेका विद्यालयहरूका प्रधानाध्यापक/प्रिन्सिपलज्यूहरू, विषय शिक्षकहरू तथा विद्यार्थीहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोधकार्यको सुसाङ्ख्य टङ्कण, भाषिक शुद्धीकरण एवम् मुद्रणको लागि सहयोग पुऱ्याइदिनु हुने शनिश्चरे उच्च माध्यमिक विद्यालयका शिक्षक श्री सि एम खनाल साथै प्रिन्ट तथा ब्यान्डिङमा सहयोग गर्नुहुने दिदी मैया बरालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पसप्रति पनि आभार व्यक्त गर्दछु ।

माधव अधिकारी

## शोधसार

झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको छ ।

यो शोधपत्र झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । विद्यालयको स्वरूपको आधारमा, लिङ्गगत आधारमा र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता पहिचान गर्नका लागि झापा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । पहिचानात्मक शब्दभण्डार क्षमतको पहिचानका लागि २० वटा र उत्पादनात्मक शब्दभण्डार क्षमताको पहिचानको लागि ३० वटा प्रश्नहरूसमावेश गरी परीक्षण सम्पन्न गरिएको छ । प्राप्ताङ्कको व्याख्या विश्लेषण गर्न मध्यमान, मानक विचलन र प्रतिशत जस्ता साङ्ख्यिकीको प्रयोग गरिएको छ ।

सामुदायिक विद्यालयका ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखियो भने संस्थागत विद्यालयका ४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा  माथि र ५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानका दृष्टिले संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थी राम्रा रहेका देखियो । त्यसैगरी संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयका छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका मातृभाषीको शब्दभण्डार राम्रो रहेको पाइयो । संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विमातृभाषी विद्यार्थीको शब्दभण्डार राम्रो रहेको थियो । संस्थागत विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता उच्च रहेको देखियो ।

सामुदायिक र संस्थागत विद्यालयका छात्रभन्दा छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो देखिएको पाइयो । सामुदायिक र संस्थागत विद्यालयका मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता समान रहेको देखिन्छ । त्यसैगरी संस्थागत

विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो भएको पाइयो । सामुदायिक विद्यालयका छात्रहरूको भन्दा छात्राहरूको उत्पादनात्मक क्षमता राम्रो रहेको देखियो । संस्थागत विद्यालयका छात्रहरूकोभन्दा छात्राहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो रहेको देखियो भने संस्थागत विद्यालयका मातृभाषी नेपाली हुनेहरूको शब्दभण्डार क्षमता विमातृभाषी नेपाली हुनेहरूको भन्दा राम्रो रहेको पाइयो ।

## विषय सूची

**अध्याय एक : शोधको परिचय** **१-४**

विषयप्रवेश १

शोध समस्या २

शोधकार्यका उद्देश्यहरू २

प्राक्कल्पना ३

अध्ययनको औचित्य ३

अध्ययनको सीमाङ्कन ४

अध्ययनको रूपरेखा ४

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा** **५-१९**

पूर्वकार्यको समीक्षा ५

पूर्वकार्यको अध्ययनको उपादेयता ८

सैद्धान्तिक अवधारणा ९

**अध्याय तिन : अध्ययन विधि** **२०-२४**

अनुसन्धान ढाँचा २०

जनसङ्ख्या र नमुना २०

नमुना छनोट विधि २०

तथ्याङ्कका स्रोतहरू २०

अनुसन्धानका साधनहरू २१

साधनको वैधता २१

तथ्याङ्क सङ्कलन प्रक्रिया २२

तथ्याङ्क विश्लेषण प्रक्रिया २२

**अध्याय चार : व्याख्या र विश्लेषण** **२५-४६**

विद्यार्थीहरूको शब्दभण्डार क्षमताको स्थिति २५

पहिचानात्मक तथा उत्पादानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति ३०

शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति ३६

**अध्याय पाँच : उपसंहार** **४७-५४**

निष्कर्ष ४८

उपयोगिता ५१

**सन्दर्भ सूची**

**परिशिष्ट**

## तालिका सूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | शब्दभण्डार क्षमताको समग्र स्थिति | २५ |
| ४.२ | मध्यमानका दृष्टिले शब्दभण्डार क्षमताका विभिन्न समुहको स्थिति | २६ |
| ४.३ | नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको स्थिति | २७ |
| ४.४ | सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण | २९ |
| ४.५ | संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण | २९ |
| ४.६ | पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति | ३० |
| ४.७ | पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको स्थिति | ३१ |
| ४.८ | उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति | ३३ |
| ४.९ | उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति | ३४ |
| ४.१० | संस्थागत र सामुदायिक विद्यालयको तुलना | ३६ |
| ४.११ | संस्थागत र सामुदायिक विद्यालयका छात्रहरूको तुलना | ३७ |
| ४.१२ | सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना | ३७ |
| ४.१३ | सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको तुलना | ३८ |
| ४.१४ | सामुदायिक र संस्थागत विद्यालयका विमातृभाषी विद्यार्थीहरूको तुलना | ३८ |
| ४.१५ | समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थातगत विद्यालयका विद्यार्थीहरूको तुलना | ३९ |
| ४.१६ | लिङ्गगत दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको तुलना | ४० |
| ४.१७ | पहिचानात्मक शब्दष्ण्डार क्षमतामा सामदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना | ४० |
| ४.१८ | भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना | ४१ |
| ४.१९ | भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलना | ४२ |

४.२० समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना ४२
४.२१ लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना ४३
४.२२ लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना ४३
४.२३ भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना ४४
४.२४ सामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना ४५

# अध्याय : एक

## शोध परिचय

### विषयप्रवेश

प्रस्तुत अनुसन्धान कार्य त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ को पाठ्यांशमा आधारित झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनसँग सम्बन्धित रहेको छ ।

भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभावमा पठनपाठनको कल्पनासम्म गर्न सकिँदैन । पाठ्यक्रमका उद्देश्य अनुरूपपाठ्यपुस्तक तयार गर्नु आवश्यक छ । पाठ्यपुस्तक लेखनमा विशेष ध्यान नदिएमा, बालबालिकाहरूको रुचि र क्षमता अनुसार शब्द तथा शब्दभण्डार छनोट र स्तरण गर्न नसकेमा पाठ्यक्रम जति राम्रो भए पनि तह अनुरूपको उद्देश्य पूरा गर्न सकिँदैन । भाषा पाठ्यपुस्तकमा विविध पक्षहरूलाई समेट्नुका साथै शब्द तथा शब्दभण्डारले भाषाको विकासमा केन्द्रीय भूमिका निर्वाह गर्दछ । कुनै पनि भाषाको शब्दभण्डार जीवनभर सिकिने प्रक्रिया हो । यसको क्षेत्र असीमित हुन्छ । मानिसको ज्ञान, अनुभव तथा सिकाइसँग यसको वृद्धि विकास हुन्छ तथा आवश्यकता पनि पर्दछ । कतिपय स्थितिमा पुराना शब्दहरू अर्थ विस्तारका साथ प्रयोग गरिने हुन्छन् भने कतिपय शब्दहरू अर्थ सङ्कोचका साथ प्रयोग भएका पाइन्छन् । शब्दभण्डार भाषाको महत्त्वपूर्ण पक्ष हो जसको अभावमा विचार विनिमय असम्भव हुन्छ ।

नेपालमा विद्यालय सञ्चालन व्यवस्था पनि दुई किसिमको रहेको छ : सामुदायिक (सरकारी) र संस्थागत (निजी) । यसरी दुई किसिमका विद्यालयहरूमा स्वभावैले भाषा सिकाइमा पनि प्रभाव पर्ने देखिन्छ । भाषा शिक्षणबाटै भाषिक सिप सिकाइने र भाषा प्रयोग क्षमता विकास गर्ने भएकाले यसमा विद्यालयको व्यवस्थागत प्रक्रियाले पनि प्रभाव पार्दछ । शब्दभण्डार भाषाको अपरिहार्य अङ्ग भए पनि यसको शिक्षणलाई प्राथमिकता दिने गरेको पाईंदैन । विद्यार्थीहरूले शब्दभण्डारको शिक्षणतर्फ चासो नदेखाउँदा उनीहरूको रुचि, क्षमता र स्तरअनुसार शब्दहरूको छनोट, स्तरण तथा नियन्त्रण हुनुपर्छ भन्ने धारणा स्पष्ट रूपमा अझै पनि बन्न सकेको देखिँदैन ।

संस्थागत र सामुदायिक विद्यालयमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार र प्रयोग के कस्तो छ ? उनीहरूका बिच शब्दभण्डार क्षमतामा के कति समानता र भिन्नता छ ? जस्ता पक्षको अध्ययन आफैँमा महत्त्वपूर्ण र सान्दर्भिक हुनेछ । झापा जिल्लामा रहेका सामुदायिक

र संस्थागत विद्याालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनले पक्कै पनि भाषा शिक्षणबाट शब्दभण्डार विकासमा देखिने प्रभावलाई समेत सङ्केत गर्ने हुँदा यस्तो अध्ययनले शिक्षाका नीतिनिर्माताहरूका लागि पनि सान्दर्भिक तथा समसामयिक देखिएकाले कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन शीर्षकअन्तर्गत प्रस्तावित शोधकार्य अगाडि बढाइएको छ ।

## शोध समस्या

शब्दभण्डार क्षमतासम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता शीर्षकमा आधारित अध्ययन निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता केकस्तो छ ?

ख) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको उत्पादनात्मक र पहिचनात्मक शब्दभण्डार क्षमताको तुलनात्मक अवस्था के कस्तो छ ?

ग) कक्षा सातमा अध्ययनरत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अवस्था के कस्तो छ ?

## शोधकार्यका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमता पहिल्याउनु,

ख) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको उत्पादनात्मक र पहिचानात्मक शब्दभण्डार क्षमताको अध्ययन गर्नु,

ग) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु,

## प्राक्कल्पना

झापा जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन कार्य पूर्ण भइ नसकेको हुनाले उनीहरूका बारेमा निम्न अनुसारको परिकल्पना निर्माण गरिएको छ :

(क) सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार समान छ ।

(ख) नेपालीमातृभाषी र विमातृभाषी बिचमा शब्दभण्डार क्षमतामा कुनै अन्तर छैन ।

(ग) लिङ्गगत आधारमा छात्र र छात्राको शब्दभण्डार क्षमतामा कुनै अन्तर छैन ।

## अध्ययनको औचित्य

भाषालाई पूर्ण बनाउन शब्दभण्डार क्षमताको विकास गर्नु अपरिहार्य मानिन्छ, शब्दभण्डारको मूल आधार भनेको बोलीचाली, प्रयोग, व्यवहारलाई स्पष्ट, सरल सबैसँग घुलमिल हुन सक्ने बनाउनु हो । समयसँगै प्रयोगमा आउने शब्दलाई प्रयोग गर्न सक्ने बनाउनु हो । सिकारुले सिकाइको क्रममा गर्ने त्रुटिलाई निराकरण गर्दै जान पनि सहयोग गर्दछ ।

भौगोलिक विविधता, जातिय तथा शारीरिक, मनोवैज्ञानिक कारणले शब्दभण्डार सम्बन्धी कमजोरी हुन सक्छन् । तिनमा भएको विभेदलाई अन्त्य गरी सबैलाई सक्षम बनाउन शब्दभण्डारको महत्वपूर्ण पक्ष हो । शोधको सान्दर्भिकता र उपादेयताहरू निम्नानुसार रहेका छन् :

क) वर्तमान परिप्रेक्ष्यमा दुई प्रकृतिका विद्यालयमा भएको विभेदलाई केलाउन सहयोग पुऱ्याएको छ ।

ख) भाषा सिकाइमा दोस्रो भाषाको प्रभावको असर पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

ग) दोस्रो भाषा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ ।

घ) विद्यार्थीहरूमा स्तरीय भाषाको प्रयोग गर्ने बानीको विकास गर्नमा सहयोग पुऱ्याएको छ ।

ङ) परिष्कार र परिमार्जनको लागि प्रस्तुत शोधको औचित्य रहेको छ ।

च) छात्र र छात्रा, मातृभाषी र विमातृभाषी, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी बारेमा अध्ययन गर्ने विषय विषेशज्ञ, नीति निर्माणकर्ता, पाठ्यक्रम निर्माता तथा भावी अनुसन्धानका लागि उपयोगी मानिनेछ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन अनुसन्धान गर्दा कक्षा सातमा अध्ययनरत सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययन गर्न सम्भव नभएकाले निश्चित सीमाङ्कन गर्न आवश्यक हुन्छ । अतः यस शीर्षकमा अध्ययन गर्दा निम्न सीमाभित्र आबद्ध भई अध्ययन गरिएको छ :

क) प्रस्तुत अध्ययन झापा जिल्लाका बाहुण्डाँगी, अनारमनी, शनिश्चरे, दुधे र दुर्गापुर स्रोतकेन्द्रभित्र सञ्चालित प्रत्येक स्रोतकेन्द्रबाट एउटाका दरले ५वटा सामुदायिक र ५वटा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनमा सीमित रहेकोछ ।

ख) प्रस्तुत अध्ययन कक्षा सातको 'मेरो नेपाली किताब' मा समाविष्ट शब्दभण्डारमा सीमित रहेको छ ।

ग) अध्ययन प्रत्येक सामुदायिक र संस्थागत विद्यालयका १०/१० जना गरी १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

घ) अध्ययन विद्यालयको स्वरूप, विद्यार्थीको लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलनात्मक विश्लेषणमा सीमित रहेकोछ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न पाँच परिच्छेदमा विभाजन गरिएको छ :

अध्याय - १ शोधको परिचय

अध्याय - २ पूर्वकार्यको समीक्षा र शब्दभण्डारको सैद्धान्तिक परिचय

अध्याय - ३ अध्ययन विधि र प्रक्रिया

अध्याय - ४ परिणाम, छलफल र विश्लेषण

अध्याय - ५ साराशं, निष्कर्ष र उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

# अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

### पूर्वकार्यको समीक्षा

नेपालमा व्यवस्थित र वैज्ञानिक रूपमा भाषिक अनुसन्धान वि.स. २०१६ सालमा त्रि.वि.को स्थापना पश्चात् भएको पाइन्छ । कुनै पनि विषय शीर्षकमा रही अध्ययन अनुसन्धान गर्दा सम्बन्धित क्षेत्रमा के-कस्ता कार्यहरू भएका छन् भनी अध्ययन गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षबाट कुनै पनि विषय शीर्षकीय अध्ययन पुनरावृत्ति नहुने र आफूले गर्न लागेको शोधकार्यमामद्दत मिल्ने हुन्छ । यसर्थ शोधकार्य गर्दा नवीन, पृथक र विशिष्ट बनाउन पूर्वकार्यको समीक्षा गर्नु आवश्यक हुन्छ ।

यस उपशीर्षक अन्तर्गत विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता सम्बन्धी भएका केही पूर्वकार्यहरूले महत्त्वपूर्ण स्थान लिएर समस्या पहिचान र समाधानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विद्यार्थीहरूको शब्दभण्डार सम्बन्धी भएका पूर्वकार्यहरूको क्रमबद्ध रूपमा चर्चा गर्ने प्रयास गरिएको छ :

अधिकारी (२०६०) द्वारा *कक्षा आठपूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको पाइन्छ । उक्त शोध कक्षा आठ पूरागरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिचान गर्नु, स्थानीयता, लिङ्ग, उमेर र भाषिक पृष्ठभूमि जस्ता आधारमा कक्षा आठपूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरूराखी तयार भएको छ । मूलत: परिमाणात्मक विधिमा आधारित रही कास्की र काठमाडौंका १० ओटा विद्यालयलाई आधार बनाई अनुसन्धान अगाडि बढाइएको छ । समग्रमा विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा विद्यार्थीहरूको उपलब्धि हेर्दा औसतभन्दा तल र माथि लगभग बराबर भएको, ग्रामीण क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्ष निकालिएको छ ।

ढुङ्गेल (२०६१) द्वारा *काठमाडौं उपत्यकाका विद्यालयका कक्षा पाँचमा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्याशं प्रयोजनार्थ शोधपत्र तयार भएको पाइन्छ । मेरो नेपाली किताब कक्षापाँचमा राखिएका शब्दभण्डारका आधारमा सामुदायिक र

संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु, लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा उक्त विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधमा मूलतः क्षेत्रीय विधि अपनाइएको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सामुदायिक विद्यालयका तुलनामा राम्रो रहेको, सामुदायिक र संस्थागत दुबैमा छात्रको स्थिति समान रहेको छ भने छात्राहरू भने संस्थागत विद्यालयका अब्बल रहेको,सामुदायिक विद्यालयका नेपाली मातृभाषीविद्यार्थीहरू उत्कृष्ट र संस्थागत विद्यालयको विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर तर सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थी शब्दभण्डार क्षमतामा उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

अर्याल (२०६७) द्वारा *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दास्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधकार्य तयार भएको देखिन्छ । मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित यस शोधकार्यमा कक्षा दशका विद्यार्थीहरूको लिङ्गगत, भाषिक पृष्ठभूमिको आधारमा शब्दभण्डार क्षमताको अध्ययन गर्नु, कक्षा दशका विद्यार्थीहरूको शब्दभण्डार विकास गर्ने उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् । छात्रको भन्दा छात्राको शब्दभण्डार क्षमता कमजोर रहनु, सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार राम्रो देखिएको, मातृभाषीभन्दा दोस्रो विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्षहरू प्रस्तुत भएको देखिन्छ ।

श्रेष्ठ (२०६७) द्वारा *सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ । सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेर अध्ययन गरेको देखिन्छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको पहिचान गर्नु, छात्र र छात्राको शब्दभण्डार क्षमताको तुलना गर्नु, नेपाली मातृभाषीर विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखी शोधपत्र तयार गरिएको देखिन्छ । संस्थागत भन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार सबल रहेको,छात्र भन्दा छात्राको शब्दभण्डार क्षमता राम्रो रहेको र विमातृभाषी भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता उच्च रहेको जस्ता निष्कर्ष उक्त शोधमा प्रस्तुत गरिएको छ ।

पौडेल (२०६९) द्वारा *छमा अध्ययनरत विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ । मूलतः क्षेत्रीय विधिमा आधारित रही काभ्रेपलाञ्चोक जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु, लिङ्गगत आधारमा शब्दभण्डार क्षमताको तुलना गर्नु, पहिलो भाषी नेपाली र दास्रो भाषा नेपाली हुने विदयार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरू पाइन्छन् । लिङ्गगत आधारमा शब्दभण्डार क्षमताको मापन गर्दा छात्रको शब्दभण्डार क्षमता राम्रो रहेको, सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता उच्च रहेको, लिङ्गगत आधारमा हेर्दा छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमता सन्तोषजनक देखिएको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

भुसाल (२०६९) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोधपत्र तयार भएको देखिन्छ । क्षेत्रीय अध्ययन विधिमा आधारित भई काठमाडौं जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु, लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु, विद्यार्थीहरूको शब्दभण्डार क्षमता वृद्धि गर्ने उपाय पत्ता लगाउनु जस्ता उद्देश्य राखी शोधपत्र तयार गरिएको छ । सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयका कक्षा छमा अध्ययनरत छात्राहरूको शब्दभण्डार क्षमता सबल रहेको, नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता उच्च रहेको, पहिचानात्मक क्षमता राम्रो रहेको जस्ता निष्कर्ष उक्त शोधमा प्रस्तुत गरिएको देखिन्छ ।

श्रेष्ठ (२०६९) द्वारा *महोत्तरी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोध तयार भएको देखिन्छ । मूलतः क्षेत्रीय विधिमा आधारित भई महोत्तरी जिलामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु, छात्रा छात्रको शब्दभण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूका बिच शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखेर उक्त शोध तयार गरिएको देखिन्छ । लिङ्गगत दृष्टिले हेर्दा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको र सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, नेपाली मातृभाषीको

तुलनामा दास्रो भाषाका रूपमा नेपाली हुने विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

राई (२०७०) द्वारा *संस्थागत विद्यालयका कक्षा पाँचका विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोध तयार भएको देखिन्छ । मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित यस शोधकार्यमा भोजपुर जिल्लाका ५ वटा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको जानकारी गराउनु, सामाजिक, आर्थिक, लैङ्गिक, भाषिक अवस्थाले नेपाली शब्दभण्डार विकासमा प्रभाव पार्नु, संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता अब्बल र कमजोर हुनुका कारण पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् भने संस्थागत विद्यालयमा छात्राहरूको तुलनामा छात्रहरू सबल रहेको, नेपाली मातृभाषीका तुलनामा विमातृभाषी विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको र ग्रामीण क्षेत्रका विद्यार्थीहरू भन्दा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

फुयाँल (२०७१) द्वारा *काठमाडौं जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन* शीर्षकमा नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश प्रयोजनार्थ शोध तयार भएको देखिन्छ । मूलतः परिमाणात्मक विधिमा आधारित भई काठमाडौं जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु, छात्रा छात्रको शब्दभण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूका बिच शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखेर उक्त शोध तयार गरिएको देखिन्छ । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको र सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, नेपाली मातृभाषीको तुलनामा विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको जस्ता निष्कर्षहरू उक्त शोधमा प्रस्तुत गरिएको छ ।

## पूर्वकार्यको अध्ययनको उपादेयता

समीक्षा गरिएका पूर्व साहित्यले प्रस्तावित शोधलाई आवश्यक आधार तथा पूर्वज्ञान प्रदान गरी मार्गनिर्देशन गर्नेछ । अधिकारी (२०६०) र पौडेल (२०६९) को शोधपत्रले प्रस्तावित शोधलाई छात्र छात्रामा हुने शब्दभण्डार क्षमतामा देखिने अन्तरलाई छुट्याउन सहयोग पुऱ्याउनेछ । ढुङ्गेल (२०६१) को शोत्रधले सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी र विमातृभाषी

विद्यार्थीका बिचमा हुने शब्दभण्डार क्षमताको तुलना गर्न सहयोग पुऱ्याउनेछ । अर्याल (२०६७), श्रेष्ठ (२०६७), राई (२०७०), भुसाल (२०६९) र फुँयाल (२०७१) को शोधले विभिन्न वर्गका विद्यार्थीहरूको शब्दभण्डार क्षमता फरक हुने कारणहरूको खोजी गर्न सहयोग पुऱ्याउनेछ । त्यसरी नै विभिन्न सैद्धान्तिक सामग्रीहरूको अध्ययनले शोधका लागि आवश्यक सामग्री उपलब्ध हुनेछ ।

## सैद्धान्तिक अवधारणा

### शब्दभण्डारको परिचय

भाषा भनेको वर्ण रूप शब्द, पदावली, उपवाक्य र वाक्यहरूको एकीकृत रूप हो । यही एकीकृत रूपले कुनै सिङ्गो सङ्कथनको रूप धारणा गरेको हुन्छ र कुनै खास अभिव्यक्ति दिएरसम्प्रेषण गरेको हुन्छ । भाषाको आधारभूत अर्थयुक्त एकाई रूप हो । रूपरूप मिलेर शब्दको निर्माणभएको हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. १९७) । तसर्थ एक वा एकभन्दा बढी अक्षरहरूले बनेको रूपभन्दामाथिल्लो र पदावली भन्दा तल्लो स्वतन्त्र अर्थयुक्त सार्थक भाषिक एकाई नै शब्द हो । शब्द भाषाको स्वतन्त्र एकाई हो । कुनै पनि भाषामा भएका त्यही शब्दहरूको समष्टि नै शब्दभण्डार हो । कुनैं पनिभाषा भन्नासाथ त्यहाँ शब्दहरू नै अगाडि आउँछन् । शब्दहरू बिना भाषिक व्यवहार असम्भव हुन्छ । भाषिक व्यवहारका क्रममा व्यक्तिले जति पनि शब्दहरू प्रयोग गर्छन् ती सबै शब्दहरू उक्त भाषाकाशब्दभण्डार हुन् । शब्द बिना त्यसभन्दा माथिल्लो भाषिक एकाईहरू नबन्ने भएकाले शब्दहरूलाई भाषाको आत्मा मान्न सकिन्छ । शब्दभण्डारले कुनैपनि व्यक्तिमा निहित शब्द क्षमतालाईं जनाउँछ । भाषा र शब्द भन्नाले नङ र मासुजस्तै एक अर्कासँग सम्बन्धित हुन्छन् । भाषा बिना शब्दको कुनै अर्थ हुँदैन र कल्पना गर्न पनि सकिँदैन ।

मानिसले जति धरै शब्दहरू जान्दछन् उनीहरू भाषामा त्यति नै पोख्त हुँदै जान्छन् । मानिसमा जति पनि ज्ञान र अनुभव बढ्दै जान्छ त्यति नै उसको शब्दभण्डार पनि गहन हुँदै जान्छ र अझ नयाँ नयाँ शब्दहरूको आवश्यकता पर्दै जान्छ । भाषाका शब्दहरू यति धेरै हुन्छन् कि जस्तै मै हुँ भन्ने विद्वानले पनि आफ्ना भाषाका सम्पूर्ण शब्दहरू जानेका हुँदैनन् (शर्मा र पौडेल, २०६८, पृ. १९८) । शब्दभण्डार यस्तो पूर्वावश्यक सर्त हो जसको धेरैभन्दा धेरै जानकारी भाषा सिकाइका लागि हुन्छ । शब्दभण्डारको क्षेत्र अत्यन्त व्यापक र फराकिलो छ । अतः कुनै भाषामा पाइने, प्रयुक्त हुनेयावत शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । कुनै पनि भाषाका वक्ताहरूले प्रयोग गर्ने सार्थक र निरर्थक जुनसुकै शब्दहरू जतिपनि ती शब्दहरू नै त्यस भाषाका शब्दभण्डार हुन् ।

शब्दभण्डारलाई कुनै पनि भाषाका शब्दहरूको समग्र रूपसमष्टि समूह वा शब्द ढुकुटीका रूपमा चिनिन्छ ।

### शब्दभण्डारको सैद्धान्तिक अवधारणा

यस परिच्छेदमा शब्दभण्डारको सैद्धान्तिक अवधारणा शीर्षक अन्तर्गत शब्दभण्डारको परिचय, नेपाली भाषा, नेपाली भाषाको शब्दभण्डार, शब्दभण्डारको स्रोत, शब्दभण्डारको वर्गीकरण महत्त्व, भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको स्थान र छनोट तथा स्तरका दृष्टिले शब्दभण्डारको विश्लेषण आदि जस्ता उपशीर्षकहरूको चर्चा गरिएको छ ।

### नेपाली भाषाको शब्दभण्डार

शब्द भाषाको स्वतन्त्र एकाइ हो । शब्द बिना भाषाको कुनै अर्थ सम्भव हुँदैन । भाषामा अन्तर्निहित यही शब्दहरूको समष्टिगत रूप नै शब्द भण्डार हो । शब्दभण्डार प्रत्येक भाषामा रहन्छ ।त्यसैले नेपाली भाषामा पनि प्रयोग हुने शब्दहरूको समूह वा शब्द ढुकुटीलाई नेपाली भाषाको शब्दभण्डार भनिन्छ । यही शब्दहरूको प्रयोगद्वारा नेपालीहरूले आफ्नो भाषिक व्यवहार चलाउने गर्दछन् ।

नेपाली भाषाको शब्दभण्डारभित्र नेपाली भाषाको आफ्नै मौलिक शब्दहरूका साथै अन्य भाषाबाट आएका शब्दहरू पनि पर्दछन् । यी शब्दहरू नेपाली भाषाका शब्दकोशहरूमा पनि सङ्कलित छन् । यिनै शब्दकोशमा संग्रहित वास्तविक शब्दहरूलाई र नेपाली शब्दकोशमा पर्ने छुटे पनि नेपाली जनजिब्रोमा प्रचलित शब्दहरू सहितको समष्टिलाई नेपाली भाषाको शब्दभण्डार भनिन्छ । वास्तवमा नेपाली भाषामा आजसम्म समेटिएका र प्रयोग भएका शब्दहरूको समष्टि भण्डार नै नेपाली शब्दभण्डार हो ।

परिर्वतनशील समाजसँगै भाषाको पनि परिवर्तन हुनु आवश्यक छ । परिवर्तित समाज अनुकुल भाषा परिवर्तन नभएमा उक्त भाषाका वक्ताहरू अन्य भाषातर्फ आकर्षित हुन थाल्छन् र उक्त भाषा लोप भई भाषिक मृत्यु हुने सम्भावना हुन्छ । जुन भाषाले धेरै स्रोतबाट शब्द सापटी लिएको हुन्छ त्यही भाषा चाहिं शक्तिशाली हुन्छ र त्यही भाषामा भाषिक सङ्कट पनि पर्दैन । समयसँगै नयाँ नयाँ शब्दहरूलाई भाषामा समावेश गराउँदै जानु पर्दछ । विज्ञान र प्रविधिको  विकाससँगै नेपाली भाषाको शब्दभणडार पनि निकै सम्पन्न भइसकेको पाइन्छ ।

समयसँगै नेपालीहरूको अन्य भाषाका व्यक्तिहरूसँग सम्पर्क बढ्दै जाँदा नेपाली भाषाका शब्दभण्डारमा अन्य स्रोतबाट शब्दहरू थपिँदै आएको पाइन्छ । आजको बदलिँदो परिस्थिति,

विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय सम्बन्धका साथै सूचना र प्रविधिको तीव्रतर विकासले गर्दा पनि नेपाली भाषाका शब्दभण्डारमा प्रशस्त नयाँ शब्दहरू भित्रिएका छन् । यस्तो प्रक्रिया नेपाली भाषामा मात्र नभएर सबै जीवन्त भाषामा विद्यमान रहेको पाइन्छ ।

संसारमा बोलचालमा रहेका सबै भाषाका शब्दभण्डार यसरी नै सुसम्पन्न हुँदै आएको देखिन्छ । जुन भाषाले अन्य भाषाको शब्दहरूलाई आफ्नो भाषिक व्यवस्थापनभित्र सुहाउँदो र मिल्दो किसिमले समाहित गर्न सक्दैन, त्यो भाषा शब्दभण्डारका दृष्टिले सम्वृद्ध बन्न सक्दैन । त्यसैले हरेक भाषाले अन्य भाषाबाट शब्द सापटी लिएर आफ्नो अभिव्यक्ति क्षमतालाई विस्तारित तुल्याएको पाइन्छ । नेपाली भाषामा पनि स्वदेशी र विदेशी स्रोतबाट प्रशस्तै शब्दहरू आएका छन् जसले गर्दा नेपाली भाषाको शब्दभण्डार सम्वृद्ध बन्न पुगेको छ ।

नेपाली भाषाको जन्म संस्कृत भाषाबाट भएकाले संस्कृत भाषाकै अनगिन्ती शब्दहरू लिएर नेपाली भाषा सम्वृद्ध बनाइएको छ । संस्कृत बाहेक अन्य भाषाबाट आएका शब्दले पनि नेपाली भाषाको शब्दभण्डार सुसम्पन्न भएको छ । विज्ञान र प्रविधि, शिक्षा र सञ्चारको विकाससँगै नेपाली शब्दभण्डारमा पनि वृद्धि भएको कुरा हालको नेपाली भाषाको शब्दभण्डारको अध्ययनबाट थाहा पाउन सकिन्छ । यसरी आफ्नै मौलिक शब्दहरूद्वारा वा अन्य स्रोतबाट लिएरै भएपनि नेपाली भाषाका शब्दहरू दिनानुदिन बढ्दो क्रममा छन् र नेपाली भाषाका ती सबै शब्दहरूको समूह, समष्टि वा ढुकुटी नै नेपाली भाषाको शब्दभण्डार हो ।

**शब्दभण्डारको स्रोत**

भाषाको आधारभूत र स्वतन्त्र एकाई शब्द हो भने भाषामा भएका शब्दहरूको समष्टिगत रूप शब्दभण्डार हो । शब्दभडारलाई शब्द ढुकुटी पनि मानिन्छ । नेपाली भाषाको शब्दभण्डार भनेको पनि नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरूको भण्डार वा ढुकुटी हो । शब्दभण्डारलाई भाषाको वैभव मान्न सकिन्छ ।

कुनै पनि भाषाको विकासमा शब्दको केन्द्रीय भूमिका रहन्छ । कुनै पनि व्यक्तिसँग जति धेरै शब्दभण्डार छत्यति धेरै उसले भाषामा परिपक्वता हासिल गर्दछ । कुनै पनि भाषाको शब्दभण्डार जीवनमा सिकिने निरन्तर प्रक्रिया हो । यो असीमित हुन्छ । मानिसको ज्ञान र अनुभवको वृद्धिसँगै शब्दभण्डारको पनि विकास हुन्छ । व्यक्तिमा ज्ञानको विस्तार जेजति हुँदै जान्छ सोही अनुरूप भाषिक व्यवहारमा नयाँ शब्दको आवश्यकता पर्दछ । कतिपय स्थितिमा पुराना शब्दहरूको अर्थ विस्तारका साथ प्रयोग गरिने हुन्छन् । विषय तथा सन्दर्भगत विविधीकरणका साथै व्यक्तिले प्रयोग

गर्ने शब्दभण्डार झाँगिदै जाने हुँदा यसलाई मानिसले जीवन पर्यन्त सिक्दै गइरहेको हुन्छ। शब्दभण्डार भाषाको त्यस्तो महत्त्वपूर्ण पक्ष हो जसको अभावमा भाषिक व्यवहार असम्भव हुन्छ।

नेपाली भाषाका शब्दहरूको प्रमुख स्रोत संस्कृत भाषा हो। संस्कृतबाट अनगिन्ती शब्दहरू लिएर नेपाली भाषाको शब्दभण्डार सुसम्पन्न बनेको छ। संस्कृत बाहेक विभिन्न राष्ट्रिय भाषा तथा विदेशी भाषाबाट आएका शब्दहरूले पनि नेपाली शब्दभण्डार भरिएको छ र त्यति मात्र नभएर शिक्षा, सञ्चार, विज्ञान र प्रविधिको विकास सँगसँगै नयाँ खालका शब्दहरू पनि नेपाली भाषाको शब्दभण्डारमा थपिँदै गएका छन्।

**शब्दभण्डारको वर्गीकरण**

शब्दभण्डारमा रहेका सम्पूर्ण शब्दहरूलाई विभिन्न वर्गमा छुट्याउनुलाई शब्दको वर्गीकरण भनिन्छ। शब्दहरूको वर्गीकरणले शब्दभण्डार र शब्द प्रयोगलाई व्यवस्थित बनाउँछ। शब्द स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो अर्थपूर्ण एकाई हो। शब्द व्याकरण व्यवस्थाको केन्द्रीय एकाई पनि भएकाले यसले रुपदेखि वाक्यसम्मलाई व्यवस्थित गर्ने काम गर्दछ। नेपाली भाषाको शब्दभण्डार भन्नाले नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरूको भण्डार भन्ने बुझिन्छ। शब्द भण्डारलाई शब्दकोशभित्र सङ्ग्रहित गरिएको हुन्छ।

नेपाली भाषामा प्रयोग गरिने शब्दहरूका विभिन्न आधारहरू रहेका छन्। शब्द वर्गीकरण गर्ने क्रममा भाषाशास्त्री तथा विद्वानहरू बिचमा मतैक्यता भने पाइँदैन तर पनि शब्द निर्माण प्रक्रिया, शब्दको स्रोत र तिनले गर्ने कार्य वा कोशीय अर्थका अतिरिक्त व्याकरणिक अर्थ समेत विचार गरी शब्दको वर्गीकरण गरिन्छ। विद्वानहरूले शब्दको वर्गीकरणका सम्बन्धमा अघि सारेका आधारहरूनिम्नानुसार छन् :

हेमाङ्गराज अधिकारीले शब्द वर्गीकरणका पाँच आधारहरू उल्लेख गरेको पाइन्छ :

**(क) परम्परागत व्याकरणका आधारमा**

परम्परागत व्याकरणमा शब्दहरूलाई नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, संयोजक, विस्मयाधिबोधक र निपात गरी सामान्यत : आठ वर्गमा विभाजन गरिएको छ।

**(ख) रूपात्मक आधारमा**

रूपात्मक आधारमा शब्दलाई अविकारी (रूप परिर्वतन नहुने ) र विकारी (रूप परिवर्तन हुने) गरी दुई वर्गमा विभाजन गरिएको छ ।

**(ग) कार्यगत आधारमा**

कार्यगत आधारमा शब्दहरूलाई नाम वर्ग, क्रिया वर्ग र अव्यय वर्ग गरी तीन वर्गमा विभाजन गरिएको छ ।

**(घ) कोशीय आधारमा**


कोशीय आधारमा शब्दहरूलाई नाम, विशेषण, क्रिया, क्रियायोगी गरी चार वर्गमा विभाजन गरिएको छ ।

**(ङ) संरचनागत आधारमा**


संरचनागत आधारमा शब्दलाई सर्वनाम, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी पाँच वर्गमा विभाजन गरेका छन् ।

शब्द वर्गीकरणका निम्न ५ आधारहरू रहेका छन् । ती हुन् स्रोत,व्युत्पत्ति, रचना, कार्य र अर्थ ( शर्मा, २०६१, पृ. ५६) । उनले स्रोतका आधारमा शब्दलाई मौलिक आगन्तुक गरी २ वर्गमा विभाजन गरेका छन् । रचनाका आधारमा व्युत्पन्न र मूल वा अव्युत्पन्न गरी शब्दका २ वर्ग देखाएका छन् । कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया विशषेण,नामयोगी, संयोजक, विस्मयवाचक र निपात गरी नेपाली भाषाका शब्दहरूलाई ९ वर्गमा विभाजन गरेका छन् ।

सोमनाथ सिग्द्यालले शब्दको निर्माण प्रक्रियाका आधारमा हेर्दा देखापर्ने शब्द समष्टिलाई बनोटगत आधारमा यसरी प्रस्तुत गरेका छन् :



चूडामणि बन्धुले भाषिक व्याख्याका लागि कोशीय र कार्यमूलक शब्दका बिचको विभेद छुट्याउने क्रममा आफ्नो वर्गीकरणलाई यस्तो आरेखमा प्रस्तुत गरेका छन् :




(भण्डारी, २०६०, पृ. ४९)

पारसमणि भण्डारीले विद्यावारिधि तहको आफ्नो शोधपत्रमा नेपाली भाषाको शब्दभण्डारलाई स्रोतगत, पदवर्ग, कोशीय प्रविष्टि र संरचनागत वा बनोट गरी ४ आधारमा वर्गीकरण गरेका छन् (भण्डारी, २०६०, पृ. ७०)। स्रोतगत दृष्टिले तत्सम, तद्भव र आगन्तुक गरी ३ वर्गमा विभाजन गरेका छन्। पदवर्गका दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया विशेषण, संयोजक, नामयोगी, विस्मयादिबोधक र निपात पर्दछन्। त्यसैगरी शैक्षणिक दृष्टिकोणबाट पनि सक्रिय, निष्क्रिय, आधारभूत, श्रव्य, पाठ्य, कथ्य र लेखन जस्ता विभिन्न प्रकारका शब्दभण्डारको वर्गीकरण गर्न सकिने कुरा उल्लेख गरेका छन्।

त्यस्तै दुर्गा प्रसाद दाहालले शब्दको वर्गीकण गर्ने प्रमुख आधार स्रोत, बनोट, कार्य, अर्थ र प्रयोग रहेको उल्लेख गरेका छन्।

क) स्रोतका आधारमा : मौलिक र आगन्तुक

ख) बनोटका आधारमा : मूल र व्युत्पन्न

ग) कार्यका आधारमा : नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय

घ) कार्यका आधारमाः अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पर्यायवाची र विपरीतार्थी

ङ) प्रयोगका आधारमा : सामान्य र विशिष्ट

यसरी नेपाली भाषाको शब्दभण्डारलाई विभिन्न आधारमा वर्गीकरण गरे तापनि सामान्यतया व्युत्पत्ति, स्रोत र कार्यका आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यस्तै स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक गरी ३ प्रकारका शब्दहरू हुन्छन् भने कार्यका अधारमा नाम, सर्वनाम, विशेषण क्रिया र अव्यय गरी वर्गीकरण गर्न सकिन्छ ।

**शब्दहरूको महत्त्व**

भाषाको आधारभूत अर्थयुक्त भाषिक एकाईरूप हो र त्यस रूपले एक्लैले अथवा अन्य रूपसित मिलेर शब्दको निर्माण गरेको हुन्छ । शब्द भाषाको लघुतम एकाई र केन्द्रीय तफ्व हो भने शब्दहरूको समूह शब्दभण्डार हो । व्याकरणिक दृष्टिले शब्दरूपभन्दा ठूलो र पदावलीभन्दा सानो अर्थयुक्त र सम्प्रेषणयुक्त र सन्दर्भयुक्त बनाउन आधारभूत भूमिका खेल्ने हुनाले शब्दलाई भाषाको प्राणत्व मानिन्छ । शब्दभण्डारले भाषाको विकासमा केन्द्रीय भूमिका खेल्दछ । कुनै पनि भाषाको शब्दभण्डार जीवनभर सिकिने निरन्तर प्रक्रिया हो । शब्दभण्डार असीमित हुन्छ, व्यक्तिको ज्ञान र अनुभवको वृद्धिसँगै जति धेरै शब्द जान्यो व्यक्ति भाषामा त्यति नै पोख्त बन्दै जान्छ । विभिन्न कुराहरूको ज्ञान भएर पनि व्यक्तिमा शब्दभण्डारको कमी छ भने उसले सहज सम्प्रेष्य र रोचक अभिव्यक्त दिन सक्दैन तर व्यक्ति शब्दभण्डार क्षमतामा सबल र सक्षम छ भने उसमा विषयवस्तुको ज्ञान कमै भए पनिशब्दभण्डारलाई खेलाएर नै अभिव्यक्तिमा सहजता र सचेतता प्रदान गर्न सक्दछ । त्यसैले भाषामा शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ ।

कुनै पनि भाषाको सक्रिय र निष्क्रिय शब्दहरूको समष्टि नै शब्दभण्डार हो । भाषामा कुनै शब्द सक्रिय र निष्क्रिय हुन्छन् । कतिपय शब्दले कोशीय कतिले लाक्षणिक र कतिले व्यन्जनात्मक अर्थ दिन्छन् । भाषाका यी सम्पूर्ण शब्दहरूसँग परिचित भएर भाषामा सक्षम र पोख्त हुनका लागि शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ ।

भाषालाई बोध र अभिव्यक्तिका दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन सोही अनुरूप शब्दको उपयोग गर्ने सिप हासिल गराउन शब्दभडार क्षमताको वृद्धि गर्नु आवश्यक छ (शर्मा तथा पौडेल, २०६७, पृ. १९) । शब्दभण्डार बिना मानवीय व्यवहार सम्पन्न गर्न सकिँदैन । ज्ञान आर्जनको प्रमुख माध्यम पनि शब्द नै हो । संसारका जुनसुकै कुनामा घटेका घटनाहरू पनि क्षणभरमा नै सञ्चार गर्ने माध्यम पनि शब्दभण्डार नै हो । व्यक्तिमा जति धेरै शब्दभण्डार हुन्छ त्यति नै उसले गहन विचारहरू व्यक्त गर्न सक्छ । कुनै पनि भाषालाई सम्बृद्ध र स्तरीय बनाउन शब्दभण्डारको महत्त्वपूर्ण स्थान हुन्छ । जुन भाषाको सबैभन्दा धेरै शब्दभण्डार हुन्छ त्यही भाषा नै अरू भाषहरूभन्दा सम्वृद्ध मानिन्छ । शब्दभण्डारकै आपसी संयोजन र सङ्गतिबाट भाषा तयार हुन्छ र त्यही भाषाका माध्यमद्वारा बालबालिकाहरूलाई नवीनतम ज्ञान दिएर शिक्षित तुल्याइन्छ । विश्वमा दिनहुँ भएका ज्ञानका विस्फोटलाई एक कुनाबाट अर्को कुनामा मिनेटभरमै सञ्चार गराउने प्रमुख एक मात्र सशक्त र प्रभावकारी माध्यम भाषा हो । भाषाको संरचना शब्दभण्डारको आडमा हुन्छ । त्यसैले भाषालाई सम्वृद्ध, सबल र सम्पन्न बनाउने श्रेय शब्दभण्डारलाई नै जान्छ ।

निष्कर्षमा भाषाको आधारभूत आवश्यकतापूरा गर्न, भाषामा पोख्त हुन, अभिव्यक्तिकला विकास गर्न, अभिव्यक्तिलाई रोचक, प्रभावकारी, सम्प्रेष्य र स्तरीय बनाउन, सबै प्रकारका शब्दहरूसँग परिचित हुन, बोध र अभिव्यक्तिका दृष्टिले भाषालाई रोचक, प्रभावकारी र आशयपूर्ण बनाउन शब्दहरूको महत्त्वपूर्ण स्थान हुन्छ । शब्दभण्डारको प्रयोगबाट सम्पूर्ण मानवीय व्यवहारहरू सञ्चालन हुने भएकाले मानवीय जीवनमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान छ । भाषाका सम्पूर्ण वक्ताहरूको लागि महत्त्वपूर्ण साधनको रूपमा यसलाई लिन सकिन्छ । अतः शब्दभण्डारको महत्त्वपूर्ण भूमिका र स्थान हुन्छ ।

**भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको स्थान**

भाषिक सिप विकासका लागि तयार पारिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यपुस्तको प्रमुख प्रयोजन भाषिक सिप र समझको विकास गर्नु अर्थात भाषा सिकाउनु हो । कुनै पानि भाषा पाठ्यपुस्तको निर्माण त्यस भाषाको अध्ययन गर्नेहरूलाई भाषाका चार सिपमा दक्ष बनाउने उद्देश्यले गरिएको हुन्छ अर्थात यसलाई भाषिक सिप विकास गराउने माध्यम पनि भनिन्छ । समसामयिक आवश्यकता र भावी चुनौतीहरूको सामना गर्न सक्ने योग्य र सक्षम नागरिक उत्पादन गर्ने राष्ट्रको सोच पूरा गर्ने महत्त्वपूर्ण कडीका रूपमा भाषा पाठ्पुस्तकलाई लिन सकिन्छ (ढकाल, २०६४, पृ. १०४) । भाषिक सिपको विकास गर्ने महत्त्वपूर्ण माध्यम चाहिँ शब्दभण्डार हो । शब्दभण्डार बिना भाषा पाठ्यपुस्तकको अस्तित्व रहँदैन । जबसम्म सिकारुले

शब्दभण्डार क्षमता हासिल गर्दैनन् तबसम्म भाषा सिक्नु असम्भव हुँदैन । त्यसैले भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको विशिष्ट र महत्त्वपूर्ण स्थान रहेको हुन्छ । तर विद्यार्थीको शारीरिक र मानसिक स्तरलाई ख्याल नगरी भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको छनोट गरियो भने उक्त भाषा पाठ्यपुस्तकले भाषिक सिप विकासमा सहयोग गर्न सक्दैन । यसकारण भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको उपयोग गर्ने क्रममा सिकारुहरूको भाषिक पृष्ठभूमि, स्तर, क्षमता, रुचि, आवश्यकता जस्ता कुरालाई ख्याल गर्नु पर्दछ । शब्दभण्डार भाषाको आधारभूत तफ्व भएकाले यसको आपसी मेलबाट नै सुनिश्चित अभिव्यक्ति तयार हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकको निर्माण गर्दा शब्दभण्डारको सचेत उपयोग र नियन्त्रण हन आवश्यक छ । त्यसैले भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको विशिष्ट र महत्त्वपूर्ण स्थान छ ।

भाषा पाठ्यपुस्तकलाई स्तरीय बनाउने आधारहरूमा शब्दभण्डार पनि पर्ने भएकाले यसको छनोटमा नियन्त्रण हुनुपर्दछ । विषयवस्तुलाई प्रस्तुत गर्ने शब्द छनोटमा छनोटकर्ता विशेष रूपमा सचेत हुनुपर्दछ । पूर्वपठित पाठमा प्रयुक्त शब्दको उपयुक्तआवृत्ति र नवीन शब्दको थपोटमा सावधान हुनु जरुरी हुन्छ । प्रत्येक कक्षामा २० प्रतिशत नवीन र ८० प्रतिशत पुराना शब्दहरू हुनु आवश्यक छ । पुराना शब्दहरूको आवृत्ति र नवीन शब्दहरूको प्रयोगमा समुचित सन्तुलन र उचित समन्वयको खाँचो हुन्छ (ढकाल, २०६४, पृ. १२९) ।

भाषा पाठ्यपुस्तकमा मातृभाषी विद्यार्थीहरूलाई भाषिक विशिष्टता हासिल गराउन विषेश शब्दहरू सिकाउनु पर्ने हुन्छ भने विमातृभाषी विद्यार्थीहरूलाई भाषाको आधारभूत शब्दहरूसँग परिचित तुल्याउनु पर्ने हुन्छ । शब्दभण्डारको क्षेत्र अत्यन्त फराकिलो हुने भएकाले भाषा पाठ्यपुस्तकमा आवश्यकता अनुसारका शब्दछनोट गरी पठनपाठनलाई योजनावद्ध र व्यवस्थित गराउनु जरुरी छ जसका लागि भाषा पाठ्यपुस्तकमा प्रयोजन अनुकूलका शब्द छनोट गर्नु अनिवार्य हुन्छ । विद्यार्थीको स्तर र कक्षाअनुसार पाठ्यपुस्तकमा आधारभूत शब्दभण्डारको तहबाट स्तरीकृत गर्दै लैजानु पर्दछ । यसरी भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको उचित छनोट गर्दा आवृत्ति, विस्तरण,प्राप्यता, व्यापन, शैक्षणिक र मनोवैज्ञाननिक आधारहरूको उपयोग गर्नुपर्दछ । भाषा पाठ्पुस्तकमा शब्दभण्डारको आवृत्ति र तिनको प्रयोग अभ्यासको समुचित व्यवस्था मिलाइएको छैन भने त्यस्तो भाषा पाठ्यपुस्तकले शब्दभण्डार क्षमताको विकासमा खासै सहयोग पुऱ्याउन सक्दैन । त्यसकारण भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको छनोट गर्दा ख्याल गर्नुपर्दछ ।

विषयवस्तु र कक्षाको स्तर बिच सन्तुलन कायम गर्न गराउन पाठ्यपुस्तकमा प्रयोग गरिने शब्दहरूको विशेष भूमिका हुन्छ । विभिन्न प्रकारका शब्दहरूलाई विद्यार्थीको तहअनुसार शब्दको

प्रकृतिलाई दृष्टिगत गरी पाठ्यपुस्तकमा शब्द प्रयोग गर्नु जरुरी हुन्छ । कुनै पनि पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू विद्यार्थीका निम्ति उपयोगी र स्तर अनुकूल हुनुपर्दछ । भाषा पाठ्यपुस्तक सिकारुका निम्ति कति प्रभावकारी र उपयुक्त छ भन्ने कुरा त्यस पाठ्यपुस्तकमा प्रयोग भएका शब्दभण्डारमा भरपर्ने भएकाले भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ ।

विद्यर्थीहरूको बोध र अभिव्यक्ति क्षमतालाई प्रखर बनाउन शब्दभण्डारको विकास गर्नु गराउनु आवश्यक छ । विषयवस्तु अभिव्यक्त गर्ने शब्दहरू कक्षाको स्तरअनुसारको बनाउन शब्दभण्डार प्रयोगमा सचेत हुन जरुरी हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग हुने शब्दहरूमा सचेत नहुँदा अपेक्षाकृत भाषिक सिपको विकास गर्न र सिकाइ दिगो र प्रभावकारी बनाउन गाह्रो हुन्छ । तसर्थ भाषिक सिपहरूलाई तिर्खान र परिष्कार गर्न शब्दभण्डार विकासमा व्यापकता ल्याउनु पर्छ ।

यसरी माथिका सम्पूर्ण तथ्यहरूलाई हेर्दा भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भनेको भाषिक सिप विकास गराउनु हो भने भाषिक सिप विकास गराउने प्रमुख माध्यम शब्दभण्डार नै हो । शब्द भनेको भाषाको आधारभूत पक्ष हो, जग हो र त्यही शब्दहरूको समष्टिबाट नै भाषा पाठ्यपुस्तक तयार हुन्छ । भाषिक सिप विकास गर्न भाषा पाठ्यपुस्तकमा विद्यार्थीहरूको स्तरअनुरूपको शब्दभण्डार समावेश गराउँदै सहयोग गर्नुपर्दछ । भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूमा शब्दभण्डारको विकास गराउन सहयोग गर्नुपर्दछ जसले गर्दा भन्न सकिन्छ कि शब्दभण्डार र भाषा पाठ्यपुस्तक एक अर्कामा सम्बन्धित छन् र भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान छ ।

**छनोट स्तरणका दृष्टिले शब्दभण्डार**

छान्नु वा चयन गर्नु छनोट हो भने छानिएका वा चयन गरिएका कुराहरूलाई स्तरअनुसार मिलाएर राख्नु स्तरण हो । शब्दभण्डारलाई आवश्यक र उपयुक्त शब्द सङ्कलन गरी सूचीबद्ध गर्नु छनोट हो भने छनोट गरिएका शब्दहरूलाई बालबालिकाको स्तर र भाषिक पृष्ठभूमि अनुकूल मनोवैज्ञानिक र शिक्षणीय दृष्टिले क्रम निर्धारण गरी स्तरीकृत गर्दै लानु स्तरण हो ।

सामान्य भाषिक व्यवहारका निम्ति व्यक्तिलाई सीमित शब्दभण्डार भए पुग्छ । भाषिक विशिष्टता हासिल गर्ने गराउने सन्दर्भमा मात्र विशेष शब्दहरू सिक्नु सिकाउनु पर्ने हुन्छ । शब्दभण्डारको क्षेत्र अत्यन्त फराकिलो हुने भएकोले आवश्यकताअनुसारका शब्द छनोट गरी पठनपाठनलाई योजनाबद्ध र व्यवस्थित गराउनु जरुरी हुन्छ । विमातृभाषी विद्यार्थीहरूलाई आधारभूत शब्दभण्डारसँग परिचित तुल्याउन र आधारभूत ज्ञान हासिल गरिसकेका मातृभाषाी र विमातृभाषी विद्यार्थीहरूलाई भाषिक विशिष्टता हासिल गराउनु पर्ने हुन्छ । यी सबैका निम्ति भाषाको

शब्दभण्डारबाट प्रयोजन अनुकूलका शब्दछनोट गर्नु अनिवार्य हुन्छ (ढकाल, २०६४,पृ ५९) । साना कक्षाहरूमा बालबालिकाहरूकै स्तर र योग्यताअनुरूपका आधारभूत शब्द समावेश गर्नुपर्दछ भने कक्षाको स्तर बढ्दै जाँदा आधारभूत शब्दभण्डारको स्तरबाट स्वीकृत गर्दै भाषा सिकाइका सिद्धान्तअनुरूप क्रमिक रूपमा स्तरण गर्दै जानु पर्दछ ।

व्यवस्थित र वैज्ञानिक ढङ्गले शब्दहरूको छनोट र स्तरण नहुँदा शिक्षण सिकाइ असहज र अन्योलपूर्ण भई सिकाइ प्रभावकारी हुँदैन । बालबालिकाहरूलाई सिकाउन कठिन हुने, यदि केही गरी सिकीहालेपनि छिट्टै बिर्सने र विभिन्न त्रुटि देखापर्ने हुनसक्छ । त्यसैले विद्‍यार्थीहरूको कक्षा बढ्दै जाँदा ८० प्रतिशत पुरानै शब्दहरू दोहोरिने र २० प्रतिशत नयाँ शब्दहरू थप्न आवश्यक छ ।

यसरी भाषा शिक्षणको लागि भाषा पाठ्यपुस्तक जस्तो महत्त्वपूर्ण सामग्रीमा शब्दभण्डारको छनोट गर्दा आवृत्ति, विस्तरण, प्राप्यता, व्यापन र शैक्षणिक तथा मनोवैज्ञानिक जस्ता शब्दभण्डार छनोटका सामान्य तथा विशिष्ट आधारहरूलाई ख्याल गर्नुपर्ने हुन्छ । कस्ता शब्दको छनोट गर्ने, कति आवृत्ति गर्ने र कसरी त्यसलाई स्तरण गर्ने भन्ने कुरामा भाषा पाठ्यपुस्तक निर्माता सचेत हुनु आवश्यक छ । सचेततापूर्वक शब्दभण्डारको छनोट र स्तरण गरिएको भाषा पाठ्यपुस्तक सम्पूर्ण दृष्टिले उपयुक्त ठहर्दछ ।

# अध्याय : तिन

# अध्ययन विधि

## अनुसन्धान ढाँचा

समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । अनुसन्धान ढाँचाले अध्ययनका लागि उपयुक्त ढाँचा प्रदान गर्दछ जसको आधारमा अनुसन्धानको लागि निश्चित खाका तयार हुन्छ । प्रस्तुत अनुसन्धानका लागि गुणात्मक र सङ्ख्यात्मक ढाँचाको कार्यविधि अपनाइएकोछ । अध्ययनको क्रममा वर्णनात्मक, व्याख्यात्मक प्रक्रिया अपनाई गुणात्मक ढाँचाबाट विश्लेषणात्मक विधि प्रयोग गरी अनुसन्धान गरिएको छ ।

## जनसङ्ख्या र नमुना

### नमुना

प्रस्तुत अध्ययनलाई सम्पन्न गर्नका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरूमध्ये बाहुण्डाँगी, अनारमनी, शनिश्चरे, दुधे र दुर्गापुर स्रोतकेन्द्रमा पर्ने ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा कक्षा सातमा अध्ययनरत प्रत्येक विद्यालयबाट १० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ ।

## नमुना छनोट विधि

प्रस्तुत अध्ययनका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रमध्ये पाँचवटा स्रोतकेन्द्रलाई सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएकोछ । छनोट भएका स्रोतकेन्द्रभित्र सञ्चालित सामुदायिक एवम् संस्थागत विद्यालयहरूमध्ये ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरू एवम् प्रत्येक विद्यालयबाट १० जना कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

## तथ्याङ्कका स्रोतहरू

### प्राथमिक स्रोत

प्रस्तुत अध्ययनको लागिप्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गर्न विद्यार्थीहरूसँग छलफल, व्यक्तिगत कुराकानी, प्रश्नावली, प्रयोगात्मक परीक्षण, परिमाणात्मक र गुणात्मक अध्ययन, स्थलगत अध्ययन जस्ता साधनहरूको सहयोग लिइएको छ ।

**द्वितीयक स्रोत**

अध्ययनका लागि द्वितीयक स्रोतको रूपमा विभिन्न लेख रचना एवम् पुस्तकहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## अनुसन्धानका साधनहरू

**क.अभिलेख अध्ययन**

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न अनुसन्धान साधनका रूपमा अभिलेख अध्ययनलाई लिइनेछ । शब्दभण्डार क्षमता सम्बन्धमा उपलब्ध हुने लेख, रचना, शोध वा अन्य कृतिहरूको समेत अध्ययन गरी अनुसन्धानलाई अगाडि बढाइएको छ ।

**ख.प्रश्नावली**

विद्यार्थीहरूलाई खुल्ला तथा बन्द प्रश्नावली भर्न लगाई त्यसबाट शब्दभण्डार क्षमता सम्बन्धमा विद्यार्थीको धारणा बुझ्न आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ग.प्रयोगात्मक अभ्यास**

नमुना छनोटमा परेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको परीक्षण गर्नका लागि प्रश्नपत्र बनाई उक्त प्रश्नपत्र विद्यार्थीहरूलाई उपलब्ध गराइएकोछ । विद्यार्थीहरूलाई उक्त प्रश्नपत्रको उत्तर लेख्न लगाई संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको, मातृभाषी र विमातृभाषी विद्यार्थीको, छात्र र छात्राको शब्दभण्डार क्षमता सम्बन्धी विश्लेषण गरिएको छ ।

**घ.प्रत्यक्ष अवलोकन**

शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा नमुना विद्यालयहरूमा गई विद्यार्थीहरूको शब्दभण्डार क्षमता सम्बन्धमा अवलोकन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

## साधनको वैधता

प्रश्नपत्र निर्माण भइसकेपछि सर्वप्रथम विशेषज्ञहरूको राय लिई आवश्यक संसोधन र सम्पादन गरिनेछ । विभिन्न विद्यालयका २० जना विद्यार्थीहरूबाट उक्त प्रश्नहरूको विश्लेषण गरी हेर्दा अनुकूल कठिनाइस्तर तथा विभेददर्शी सूचक पाइएका प्रश्नहरू समावेश गरिएको र अन्य

हटाइएकोछ । उक्त आधारमा प्रश्नहरूलाई अन्तिम रूप दिइएकोछ । परीक्षणका लागि निम्न लिखित सूत्रहरू प्रयोग गरिएको छ :

१. प्रश्नहरूको कठिनाइस्तर पत्ता लगाउने सूत्र

$$p = \frac{R}{T} \times 100$$

p = प्रश्नहरूको कठिनाइ स्तर

R= सही उत्तर दिने विद्यार्थी सङ्ख्या

T= कूल विद्यार्थी सङ्ख्या

२. विभेददर्शी सूचक

$$D = \frac{R_u - R_l}{\frac{1}{2}T}$$

D = विभेददर्शी सूचक

$R_u$= उच्च समूहमा सही उत्तर दिने विद्यार्थी सङख्या

$R_l$= निम्न समूहमा सही उत्तर दिने विद्यार्थी सङख्या

T = उच्च निम्न स्तरीय समूहमा कूल विद्यार्थी सङ्ख्या

## तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा अध्ययन क्षेत्रमा शोधकर्ता स्वयम् उपस्थित भई प्रत्यक्ष सम्पर्क र भेटघाट गरिएकोछ । अध्ययनको विषयवस्तु र औचित्य बारेमा स्पष्ट पारी आफ्नो धारणा र आफूले प्राप्त गरेको जानकारी प्रदान गरिदिन नमुना छनोटमा परेका विद्यार्थीहरूसँग आग्रह गरी प्रश्नावली मार्फत विचार सङ्कलन गरिएको छ । नमुना जनसङ्ख्यालाई प्रयोगात्मक अभ्यासमा सङ्लग्न हुन लगाई सोबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ ।

## तथ्याङ्क विश्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ र त्यसको व्याख्या विश्लेषणको लागि प्रयोगात्मक अभ्यासको नतिजाको अधारमा सामुदायिक र संस्थागत विद्यालय विद्यार्थीको

मध्यमानबाट औसत विचलन कति माथि र तल छ भनी हेर्न प्रमाण विचलन निकालिएको छ । प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा कति प्रतिशत माथि र तल छन् भनेर गणना गरिएकोछ। पुनः उद्देश्य अनुरूप पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार सम्बन्धी क्षमताको समग्र रूप हेर्न सामुदायिक र संस्थागत विद्यालयको छुट्टा छुट्टै त्यही प्रक्रिया अपनाइएको छ । यसरी उच्चतम स्थानमा पर्ने विद्यार्थीको वास्तविक सङ्ख्या पत्ता लगाउन पनि प्रतिशतको प्रयोग गरी गणना गरिएकोछ । यसका साथै मध्यमानकै आधारमा विभिन्न चलहरूको स्थिति पत्ता लगाइएकोछ । अध्ययनमा समाविष्ट चलहरूको सामुदायिक र संस्थागत विद्यालयगत, छात्र र छात्रागत, मातृभाषी र विमातृभाषीगत मध्यमानका आधारमा समेत तथ्याङ्क निकालिएकोछ । उक्त आधारहरूमा परीक्षण गर्न मध्यमान, मानक विचलन र जेड टेष्ट (z-test)को प्रयोग गरिएकोछ । उक्त परीक्षणका सूत्रहरूनिम्न अनुसार छन् :

मध्यमान $\bar{X} = \frac{\Sigma fx}{N}$

$\bar{X} =$ मध्यमान

$\Sigma =$ योगफल

$f =$ आवृत्ति

$x =$ प्राप्ताङ्क

$N =$ विद्यार्थी सङ्ख्या

मानक विचलन

$$\sigma = \sqrt{\frac{\Sigma fx^2 - \frac{(\Sigma fx)^2}{N}}{N}}$$

$\sigma =$ मानक विचलन

$\Sigma =$योगफल

$f =$ आवृत्ति

$x =$ प्राप्ताङ्क

$N$ = विद्यार्थी सङ्ख्या

जेड परीक्षण

$$Z=\frac{\bar{X}_1 - \bar{X}_2}{\sqrt{\frac{s_1^2}{N^1}+\frac{s_2^2}{N^2}}}$$

Z= 'z' मान

$\bar{X}_1$ = पहिलो समूहको मध्यमान

$\bar{X}_2$ = दोस्रो समूहको प्रमाण विचलन

$s_1$ = पहिलो समूहको प्रमाण विचलन

$s_2$ = दोस्रो समूहको प्रमाण विचलन

$N_1$ = पहिलो समूहको जम्मा सङ्ख्या

$N_2$ = दोस्रो समूहको जम्मा सङ्ख्या

साङ्ख्यिकीय पुस्तकमा दिइने तालिकाहरूका आधारमा 'z' मान सार्थक वा निरर्थकता स्तर z =1.96 at 5%leavel of singnificance मा ठहऱ्याई सोही आधारमा निष्कर्ष निकालिनेछ ।

# अध्याय : चार

## व्याख्या र विश्लेषण

प्रस्तुत शोधपत्र कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ जसमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको विभिन्न आधारमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । अध्ययन बमोजिम झापा जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० गरी जम्मा १०० जना विद्यार्थीहरू छनोट गरेर उनीहरूबाट तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कलाई साङ्ख्यिकीय विश्लेषण गरिएको छ । व्याख्या र विश्लेषणका लागि मध्यमान, मानक विचलन, जेड परीक्षण जस्ता साङ्ख्यिकीको केही नमुना परिशिष्टमा राखिएको छ । व्याख्या र विश्लेषणको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

### विद्यार्थीहरुको शब्दभण्डार क्षमताकोस्थिति

प्रस्तुत शीर्षक अन्तर्गत विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ जसमा विद्यार्थीहरूलाई सोधिएका उत्पादनात्मक र पहिचानात्मक जम्मा ५० वटा प्रश्नहरूलाई आधारमा मानेर त्यसबाट प्राप्त प्राप्ताङ्कलाई विभिन्न समूहहरूमा विभाजन गरी उनीहरूको समग्र क्षमताको विश्लेषण गरिएको छ । शब्दभण्डार क्षमता पहिचानका लागि सोधिएका प्रश्नहरूलाई परिशिष्टमा राखिएको छ । यहाँ त्यही समग्रताका आधारमा विभिन्न उपशीर्षकहरूमा विभिन्न समूहहरूको शब्दभण्डार क्षमाताको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका ४.१ : शब्दभण्डार क्षमताको समग्र स्थिति

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ३३.७२ | ७.०० | ३० | ६० | २० | ४० |
| संस्थागत | ५० | ३४.३६ | ६.५२ | २२ | ४४ | २८ | ५६ |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

उपर्युक्त तालिका अनुसार प्रतिनिधि नमुना सामुदायिक विद्यालयका ५० र सस्थागत विद्यालयका ५० जना विद्यार्थी लिइएको छ। समग्रताका दृष्टिले सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान ३३.७२ रहेको छ। मध्यमानभन्दा माथिको सङ्ख्या ३० र तलको २० रहेको छ भने विद्यार्थीहरूको शब्दभण्डार क्षमता एकरूपता नरहेको मानक विचलन ७.०० हुनुले स्पष्ट पार्दछ। त्यसैले संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान ३४.३६ रहेको छ। मध्यमानभन्दा माथिको सङ्ख्या २२ र तलको सङ्ख्या २८ रहेको छ भने मानक विचलन ६.५२ रहेको छ। यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमानमाथि ६० प्रतिशत विद्यार्थी पर्नुले पनि सामुदायिक विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको पाइन्छ।

तालिका ४.२ : मध्यमानका दृष्टिले शब्दभण्डार क्षमताका विभिन्न समुहको स्थिति

| विद्यालय | विद्यार्थी | मध्यमान सङ्ख्या | समुहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक (५०) | छात्र | ३३.७२ | २५ | १२ | ४८ | १३ | ५२ |
| | छात्रा | | २५ | १८ | ७२ | ७ | २८ |
| संस्थागत (५०) | छात्र | ३४.३६ | २५ | १० | ४० | १५ | ६० |
| | छात्रा | | २५ | १४ | ५६ | ११ | ४४ |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा सामुदायिक विद्यालयका ५० जना विद्यार्थी समावेश छन् भने मध्यमान ३३.७२ रहेको छ। त्यस्तै संस्थागत विद्यालयका ५० जना विद्यार्थी समावेश छन् भने मध्यमान ३४.३६ रहेको छ। यसैका आधारमा विभिन्न समूहको शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ। लिङ्गगत आधारमा सामुदायिक विद्यालयका २५ जना छात्र र २५ छात्रा सहभागी थिए। सामुदायिक विद्यालयको मध्यमान ३३.७२ रहेको छ। त्यस्तै सस्थागत विद्यालयका २५ जना छात्र र २५ जना छात्रा सहभागी थिए। संस्थागत विद्यालयको मध्यमान ३४.३६ रहेको छ। सामुदायिक र संस्थागत विद्यालयको मध्यमानलाई आधार बनाएर छात्रको विश्लेषण गर्दा सामुदायिक विद्यालयतर्फ १२ जना अर्थात ४८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र १३ जना अर्थात ५२ प्रतिशत विद्यार्थी मध्यमान भन्दा तल रहेका छन। त्यस्तै संस्थागत विद्यालयतर्फ १० जना अर्थात ४० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र १५ जना अर्थात ६०

प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालयको छात्रहरूको शब्दभण्डार क्षमता संस्थागत विद्यालयका छात्रहरूको शब्दभण्डार क्षमताभन्दा राम्रो देखिन्छ ।

लिङ्गगत आधारमा अध्ययनका लागि सामुदायिक विद्यालयका २५ जना र संस्थागत विद्यालयका २५ जना छात्रा सहभागी गराइएको थियो । सामुदायिक विद्यालयका छात्राहरू १८ अर्थात  ७२ प्रतिशत मध्यमानभन्दा माथि र ७ जना अर्थात २८ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यालयका १४ अर्थात ५६ प्रतिशत मध्यमानभन्दा माथि र ११ अर्थात ४४ प्रतिशत मध्यमानभन्दा तल देखिन्छन् । यस तथ्यलाइ हेर्दा संस्थागत विद्यालयका छात्राहरू मध्यमानभन्दा केही प्रतिशत नजिक देखिन्छन् भने सामुदायिक विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमतामाठूलो अन्तर देखिन्छ । सामुदायिक विद्यालयका बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल देखिनुले सामुदायिक विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमता उच्च रहेको छ ।

तालिका ४.३ : नेपालीमातृभाषी र विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको स्थिति

| विद्यालय | विद्यार्थी | मध्यमान | समूह सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | मातृभाषी | ३३.७२ | २९ | २० | ६८.९६ | ९ | ३१.०४ |
| | विमातृभाषी | | २१ | १० | ४७.६२ | ११ | ५२.३८ |
| संस्थागत | मातृभाषी | ३४.३६ | २८ | १३ | ४६.४२ | १५ | ५३.५८ |
| | विमातृभाषी | | २२ | ९ | ४०.९० | १३ | ५९.१० |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी र नेपाली विभातृभाषी विद्यार्थीहरूलाई अध्ययनमा समावेश गराइएको थियो । सामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरू २९ जना सहभागी थिए । संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थी २८ जना सहभागी गराइएका थिए । सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान ३३.७२ लाई आधार मान्दा २० जना अर्थात ६८.९६ प्रतिशत मध्यमानभन्दा माथि र ९ जना अर्थात ३१.०४ प्रतिशत

मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान ३४.३६ लाई आधार मान्दा १३ जना अर्थात ४६.४२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि १५ जना अर्थात ५३.५८ प्रतिशत विद्यार्थीहरू मध्यमान भन्दा तल रहेका छन् । उक्त तथ्यलाई हेर्दा सामुदायिक विद्यालयका बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमान भन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा माथि र तल  ज्यादै ठूलो अन्तर देखिँदैन । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू ठूलो सङ्ख्यामा मध्यमानभन्दा माथि हुनुले नेपाली मातृभाषी विद्यार्थीहरू कमजोर देखिन्छन् ।

नेपाली विमातृभाषी विद्यायर्थीहरूलाई पनि अध्ययनमा समावेश गराइएको छ । सामुदायिक विद्यालयका २९ र सस्थागत विद्यालयका २८ जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना मानिएको थियो । सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूलाई समग्र मध्यमान ३३.७२ लाई आधार मानेर हेर्दा १० जना अर्थात ४७.६२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ११ जना अर्थात ५२.३८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । सस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूलाई समग्र मध्यमान ३४.३६ लाई आधार मानेर हेर्दा ९ जना अर्थात ४०.९० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १३ अर्थात ५९.१० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । माथिको तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू बहुसङ्ख्यक मध्यमानभन्दा माथि र केही सङ्ख्या तल रहेको देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थी मध्यमानभन्दा तल र माथि उस्तै देखिन्छन् । संस्थागत विद्यालयका विद्यार्थीहरू नेपाली मातृभाषी र विमातृभाषीमा मध्यमानभन्दा बढी हुनेमा मध्यमानभन्दा बढी हुनेको सङ्ख्या कम र मध्यमानभन्दा कम ल्याउनेको सङ्ख्या बढी हुनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा कमजोर देखिन्छ ।

यसरी हेर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सन्तोषप्रद देखिन्छ । नेपाली भाषालाई दोस्रो भाषाका रूपमा संस्थागत विद्यालयमा अङ्ग्रेजी भाषाप्रतिको झुकाव हुनसक्छ ।

**विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण**

कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनका लागि झापा जिल्लाबाट प्रतिनिधित्व हुने गरी पाँचवटा सामुदायिक विद्यालयबाट ५० जान र पाँचवटा सस्थागत विद्यालयबाट ५० जना गरी जम्मा

१०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनको रूपमा छनोट गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कलाई १०/१० को अन्तरमा श्रेणीबद्ध गरी विश्लेषण गरिएको छ जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.४ : सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण

| प्राप्ताङ्क | १०–१९ | २०–२९ | ३०–३९ | ४०–४९ |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २ | ९ | २९ | १० |
| प्रतिशत | ४ | १८ | ५८ | २० |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा ५० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ जसमा विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको परीक्षा लिइएको थियो । प्राप्त परिणामअनुसार १० देखि १९ सम्म अङ्क ल्याउने विद्यार्थी २ जना (४%), २० देखि २९ अङ्क ल्याउने विद्यार्थी ९जना ( १८%), ३० देखि २९ सम्म अङ्क ल्याउने विद्यार्थी २९ जना (५८%) र ४० देखि ४९ सम्म अङ्क ल्याउने विद्यार्थी १० जना ( २०%) पाइएको छ ।

तालिका ४.५ : संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विवरण

| प्राप्ताङ्क | १०–१९ | २०–२९ | ३०–३९ | ४०–४९ |
|---|---|---|---|---|
| विद्यार्थी संङ्ख्या | - | १४ | २२ | १४ |
| प्रतिशत | - | २८ | ४४ | २८ |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रस्तुत गरिएको छ । तालिकाअनुसार १० देखि १९ सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या छैनन् । त्यसैगरी २० देखि २९ भित्र १४ जना (२८%), ३० देखि २९ सम्म २२ जना (४४%) र ४० देखि ४९ सम्म १४ जना (२८%) रहेका छन् । समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा ५० पूर्णाङ्कको परीक्षामा सामुदायिक विद्यालयका २ जना विद्यार्थी फेल भएका छन् भने ४८ जना विद्यार्थीहरू पास भएका छन् । संस्थागत

विद्यालयका शतप्रतिशत विद्यार्थीहरू पास भएका छन् । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो देखियो । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमानभन्दा राम्रो छ ।

### पहिचानात्मक तथा उत्पादानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति

यस शीर्षकमा विद्यार्थीहरूको पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ । जम्मा समग्र ५० ओटा प्रश्नहरूमध्ये २० ओटा पहिचानात्मक र ३० ओटा उत्पादनात्मक प्रकृतिका प्रश्नहरू समावेश छन् । जसलाई परिशिष्टमा राखिएको छ । यहाँ सोधिएका पहिचानात्मक र उत्पादनात्मक प्रश्नहरूबाट प्राप्त अङ्कलाई छुट्टा छुट्टै राखी त्यसका आधारमा विभिन्न समूहको समग्र पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमताको विश्लेषण गरिएका छ ।

तालिका ४.६ : पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति

| विद्यालय | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | १४.७६ | ३.० | ३० | ६० | २० | ४० |
| संस्थागत | १४.७८ | २.८२ | २२ | ४४ | २८ | ५६ |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिका अनुसार पहिचानात्मक शब्दभण्डार क्षमता पहिचान गर्न प्रतिनिधि नमुना छनोट स्वरूप सामुदायिक विद्यालयका ५० जना विद्यार्थी लिइएको थियो सामुदायिक विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डारको मात्रा मध्यमान १४.७६ र मानक विचलन ३.० रहेको छ। मध्यमानलाई आधार बनाउँदा ३० जना (६०%) विद्यार्थीहरू मध्यमानभन्दा माथि र २० जना (४०%) विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डारको मात्रालाई आधारमान्दा मध्यमान १४.७६ र मानक विचलन २.८२ रहेको छ । त्यसको मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा २२ जना (४४%) विद्यार्थी मध्यमानभन्दा माथि र २८ जना (५६%) विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । यसरी

हेर्दा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको पहिचानात्मक शब्दभण्डार राम्रो देखिन्छ । यस कुरालाई माथिको तालिकामा भएको सामुदायिक विद्यालय र संस्थागत विद्यालयको मध्यमान र मानक विचलनले प्रमाणित गर्दछ ।

तालिका ४.७ : पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको स्थिति

| विद्यालय | मध्यमान | समूहगत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | समूह | संस्था | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | १४.७६ | | | | | |
| लिङ्ग | छात्र | २५ | ११ | ४४ | १४ | ५६ |
| | छात्रा | २५ | १९ | ७६ | ६ | २४ |
| भाषिक पृष्ठभूमि | मातृभाषी | २९ | १८ | ६२.०६ | ११ | ३७.९३ |
| | विमातृभाषी | २१ | १२ | ५७.१४ | ९ | ४२.८५ |
| संस्थागत | १४.७८ | | | | | |
| लिङ्ग | छात्र | २५ | ९ | ३६ | १६ | ६४ |
| | छात्रा | २५ | १३ | ५२ | १२ | ४८ |
| भाषिक पृष्ठभूमि | मातृभाषी | २८ | १४ | ५० | १४ | ५० |
| | विमातृभाषी | २२ | ८ | ३६.३६ | १४ | ६३.६३ |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा पहिचानात्मक शब्दभण्डार क्षमताको तुलना गर्नकालागि सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० गरी १०० जना विद्यार्थीहरू माथि नमुना प्रतिनिधि छनोट गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान छुट्टा छुट्टै निकालेर त्यसैको आधारमा विभिन्न समूहका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा निम्नलिखित तथ्यहरू रहेको पाइन्छ ।

लिङ्गगत दृष्टिले सामुदायिक विद्यालय र संस्थागत विद्यालयका २५/२५ जना छात्रलाई प्रतिनिधि नमुना रूपमा छनोट गरिएको छ । पहिचानात्मक शब्दभण्डारको समग्र मध्यमान सामुदायिक विद्यालयको १४.७६ र संस्थागत विद्यालयको १४.७८ लाई आधार मानिएको छ । सामुदायिक विद्यालयका छात्रहरू तर्फ ११ जनाा अर्थात ४४ प्रतिशत मध्यमानभन्दा माथि र १४ जना (५६%) मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयका छात्र तर्फ ९ जना (३६%) विद्यार्थी मध्यमानभन्दा माथि र १६ जना (६४%) विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । सामुदायिक विद्यालयका छात्रा तर्फ १९ जना (७६%) मध्यमानभन्दा माथि र ६ जना (२४%) विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयका छात्रा तर्फ १३ जना (५२%) मध्यमानभन्दा माथि र १२ जना (४८%) मध्यमानभन्दा तल रहेका छन् । उक्त तत्याङ्कबाट सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूभन्दा छात्राहरूको मध्यमानभन्दा माथिको सङ्ख्या बढी रहेकाले छात्रहरूकोभन्दा छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो भएको प्रष्ट देखिन्छ भने दुवै विद्यालयका छात्रहरू कमजोर देखिन्छन् । त्यसैगरी संस्थागत विद्यालयका छात्रहरूभन्दा सामुदायिक विद्यालयका छात्रहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रा रहेको देखिन्छ ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरू सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिका रूपमा छनोट गरिएको थियो । पहिचानात्मक शब्दभण्डारको सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान १४.७६ लाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थी सङ्ख्या २९ जना समावेश थिए । उक्त मध्ये १८ जना (६२.०६%) विद्यार्थी मध्यमानभन्दा माथि र ११ जना (३७.९३%) विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । सामुदायिक विद्यालयका नेपाली विमातृभाषी जम्मा २१ जना रहेका छन् जसमध्ये १२ जना (५७.१४%) मध्यमानभन्दा माथि र ९ जना (४२.८५%) विद्यार्थी मध्यमाभन्दा तल रहेका छन् ।

पहिचानात्मक शब्दभण्डारको संस्थागत विद्यालयका विद्यार्थीको मध्यमान १४.७६ लाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी २८ जना मध्ये १४ जना (५०%) मध्यमानभन्दा माथि र १४जना (५०%) मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी नेपाली विमातृभाषी २२ मध्ये ८ जना (३६.३६%) मध्यमानभन्दा माथि र १४ जना (६३.६३%) मध्यमानभन्दा तल रहेका छन् ।

उक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी भन्दा नेपाली मातृभाषी विद्यार्थी मध्यमानभन्दा बढी रहेका छन् । संस्थागत विद्यालयका विमातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभाषी विद्यार्थीको मध्यमानभन्दा माथि हुनेको सङ्ख्या बढी रहेको छ । यसरी हेर्दा

सामुदायिक र संस्थागत विद्यालयको नेपाली विमातृभाषी विद्यार्थीभन्दा मातृभाषी विद्यार्थीको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो रहेको पाइयो ।

तालिका ४.८ : उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १८.९६ | ४.५५ | ३१ | ६२ | १९ | ३८ |
| संस्थागत | ५० | १९.५८ | ४.३९ | २५ | ५० | २५ | ५० |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना गर्नका लागि सामुदायिक विद्यालयका ५० जना र संस्थागत विद्यालयका ५० जना गरी १०० जनाविद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीको समग्र मध्यमान छुट्टा छुट्टै निकालेर त्यस आधारमा विश्लेषण गर्दा विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमतामा निम्नलिखित अवस्था रहेको पाइन्छ ।

माथिको तालिका अनुसार उत्पादनात्मक शब्दभण्डार क्षमता पहिचान गर्न प्रतिनिधि नमुनाबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डारको मात्र मध्यमान १८.९६ मानक विचलन ४.५५ रहेको छ । मध्यमानलाई आधार बनाउँदा ३१ जना (६२%) विद्यार्थीहरू मध्यमानभन्दा माथि र १९ जना (३८%) मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको मध्यमान १९.५८ र मानक विचलन ४.३९ रहेको छ । त्यसको मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा २५ जना (५०%) मध्यमानभन्दा माथि र २५ जना (५०%) मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको राम्रो रहेको देखिन्छ ।

तालिका ४.९ : उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति

| विद्यालय | मध्यमान समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | १८.९६ | | | | | |
| लिङ्ग | छात्र | २५ | १३ | ५२ | १२ | ४८ |
| | छात्रा | २५ | १८ | ७२ | ७ | २८ |
| भाषिक पृष्ठभुमि | मातृभाषी | २९ | २१ | ७२.४१ | ८ | २७.५८ |
| | विमातृभाषी | २१ | १० | ४७.६१ | ११ | ५२.३८ |
| संस्थागत | १९.५८ | | | | | |
| लिङ्ग | छात्र | २५ | ११ | ४४ | १४ | ५६ |
| | छात्रा | २५ | १४ | ५६ | ११ | ४४ |
| भाषिक पृष्ठभूमि | मातृभाषी | २८ | १४ | ५० | १४ | ५० |
| | विमातृभाषी | २२ | ११ | ५० | ११ | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७२

उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना गर्नका लागि सामुदायिक विद्यालयको ५० जना र संस्थागत विद्यालयको ५० जना गरी जम्मा १०० जनानमुना प्रतिनिधि विद्यार्थी छनोट गरिएको छ। सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीका समग्र मध्यमान र मानक विचलन छुट्टा छुट्टै निकालेर त्यसका आधारमा विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार सार्मथ्यमा निम्नलिखित तथ्यहरू रहेको पाइन्छ।

लिङ्गगत दृष्टिले छात्र सामुदायिक विद्यालयका २५ र संस्थागत विद्यालयका २५ जना लिइएको पाइन्छ। सामुदायिक विद्यालयको मध्यमान १८.९६ र संस्थागत विद्यालयको मध्यमान १९.५८

लाई आधार मानिएको छ । सामुदायिक विद्यालयका छात्रा तर्फ १३ जना (५२%) मध्यमानभन्दा माथि र १२ जना (४८%) मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यायका छात्रतर्फ ११ जना (४४%) मध्यमानभन्दा माथि र १४ जना (५६%) मध्यमानभन्दा तल रहेका छन् । यसै गरी सामुदायिक विद्यालयका छात्रातर्फ १८ जना (७२%) मध्यमानभन्दा माथि र ७ जना (२८%) मध्यमानभन्दा तल रहेका छन् । त्यसै गरी संस्थागत विद्यालयका छात्रातर्फ १४ जना (५६%) मध्यमानभन्दा माथि र ११ जना (४४%) मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्याङ्कलाई हेर्दा सामुदायिक विद्यालयका छात्र भन्दा छात्रा मध्यमानभन्दा माथि हुने धेरै रहेका छन् । समग्रमा संस्थागत विद्यालयका भन्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक विद्यालयका छात्र/छात्राको राम्रो पाइयो ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी २९ र नेपाली विमातृभाषी २१ जना गरी सामुदायिक विद्यालयका ५० जना विद्यार्थी समावेश गरिएको थियो । त्यसै गरी नेपाली मातृभाषी २८ जना र नेपाली विमातृभाषी २२ जना गरी ५० जना विद्यार्थी संस्थागत विद्यालयका प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको मध्यमान १८.९६ लाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी २९ जना मध्ये २१ जना अर्थात ७२.४१ प्रतिशत मध्यमानभन्दा माथि र ८ जना अर्थात २७.५८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीको उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान १९.५८ लाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी २८ जनामध्ये मध्यमानभन्दा माथि १४ जना अर्थात ५० प्रतिशत र मध्यमानभन्दा तल १४ जना अर्थात ५० प्रतिशत रहेका छन् । नेपाली विमातृभाषी सामुदायिक विद्यालयका २१ जना विद्यार्थी समावेश गरिएको थियो । मध्यमान १८.९६ लाई आधार मान्दा १० जना अर्थात ४७.६१ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ११ जना अर्थात ५२.३८ प्रतिशत मध्यमान भन्दा तल रहेका छन् । त्यसैगरी नेपाली विमातृभाषी संस्थागत विद्यालयका २२ जना विद्यार्थीहरू समावेश छन् । संस्थागत विद्यालयाका विद्यार्थीहरूको मध्यमान १९.५८ लाई आधार मान्दा ११ जना अर्थात ५० प्रतिशत मध्यमानभन्दा माथि र ११ जना अर्थात ५० प्रतिशत मध्यमानभन्दा तल रहेका छन् ।

उक्त तथ्याङ्कले उत्पादनात्मक शब्दभण्डारमा नेपाली मातृभाषी विद्यार्थीहरूमा सामुदायिक विद्यालयका विद्यार्थीहरू मध्यमानभन्दा माथि र तलमा अन्तर देखिएको छ । त्यसकारण मध्यमानभन्दा माथि ल्याउनेको सङ्ख्या बढी भएकोले सामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थी राम्रो देखिन्छ । सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थी भने

मध्यमानभन्दा तल र माथि लगभग उस्तै देखिन्छन् । संस्थागत विद्यालयका नेपाली मातृभाषी र विमातृभाषीको सङ्ख्या उस्तै उस्तै देखिन्छ । सामुदायिक र सस्थागत विद्यालयका विद्यार्थीको उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक विद्यालयका विद्यार्थी अलि राम्रो रहेको कुरा माथिको तालिकाले प्रष्ट पारेको छ ।

**शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति**

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूमा सञ्चालन गरिएको प्रयोगात्मक परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यार्थीहरूलाई विभिन्न समूहमा वर्गीकरण गरी तुलना गर्नका लागि निम्नानुसार प्रस्तुत गरी जेड परीक्षणद्वारा विश्लेषण गरिएको छ :

तालिका ४.१० : संस्थागत र सामुदायिक विद्यालयको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | ५० | ३३.७२ | ७ | ०.४७ |
| संस्थागत | ५० | ३४.३६ | ६.५२ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकमा सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० जना विद्यार्थीलाई समावेश गरिएको छ । सामुदायिक विद्यालयको माध्यमान ३३.७२ मानक विचलन ७ रहेको छ भने संस्थागतको विद्यालयको मध्यमान ३४.३६ रहेको छ । मानक विचलन ६.५२ रहेको छ । उक्त तथ्याङ्कका आधामा तुलनात्मक विश्लेषण गर्दा Z मान ०.५८ सार्थकतामा तालिकाको मध्यमान र परीक्षण गरी निकालिएको मानलाई तुलना गर्दा निकालिएको मान थोरै भएकाले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीमा अन्तर नरहेको प्रमाणित हुन्छ ।

तालिका ४.११ : संस्थागत र सामुदायिक विद्यालयका छात्रहरूको तुलना

| विद्यालय | संङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | ३२.७२ | ७.०२ | ०.२९ |
| संस्थागत | २५ | ३३.२४ | ५.३ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिका मा सामुदायिक र संस्थागत विद्यालयका २५/२५ जना छात्रहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको थियो । सामुदायिक विद्यालयको मध्यमान ३२.७२ र मानक विचलन ७.०२ रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मध्यमान ३३.२४ र मानक विचलन ५.३ रहेको छ । यस तथ्याङ्कीय सूचकलाई आधार मानी तुलना गर्दा Z मान ०.२९ सार्थकतामा तालिकाको मान र परिक्षण गरी निकालिएको मानभन्दा थोरै भएकोले लिङ्गगत दृष्टिले सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूमा समग्र शब्दभण्डार क्षमतामा अन्तर देखिँदैन ।

तालिका ४.१२ : सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना

| विद्यालय | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | ३५.१२ | ७.७२ | ०.२७ |
| संस्थागत | २५ | ३५.४८ | ७.१४ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा लिङ्गगत दृष्टिले समग्र शब्दभण्डार क्षमताको तुलनाको लागि सामुदायिक विद्यालयबाट २५ जना विद्यार्थीलाई प्रतिनिधि नमुनाको रूपमा प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयका छात्राहरूको मध्यमान ३५.१२ र मानक विचलन ७.७२ रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मध्यमान ३५.४५ र मानक विचलन ७.१४ रहेको छ । यस तथ्याङ्कलाई आधार मानी सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको समग्र शब्दभण्डार क्षमता तुलना गर्दा Z मान ०.२७ सार्थकतामा तालिकाको मान र परीक्षण गरी निकालिएको मानभन्दा कम भएकाले सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको समग्र शब्दभण्डार क्षमतामा कुनै भिन्नता छैन तर मध्यमानका आधारमा सामुदायिक विद्यालयका छात्राहरूको भन्दा संस्थागत

विद्यालयका छात्राहरूको मध्यमान राम्रो रहेको र मानक विचलन पनि कम विचलित रहेको प्रमाणित हुन्छ ।

तालिका ४.१३ : सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको तुलना

| विद्यालय | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | २९ | ३४.५८ | ५.६९ | ०.२७ |
| संस्थागत | २८ | ३५ | ६.०० | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामासामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमताको तुलना गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत २९ जना विद्यार्थी नमुनाका रूपमा लिइएकोछ जसको मध्यमान ३४.५८ छ भने मानक विचलन ५.६९ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका नेपाली मातृभाषी २८ जना विद्यार्थी समावेश गरिएको छ । उनीहरूको मध्यमान ३५ र मानक विचलन ६.०० रहेको छ ।त्यसैगरी दुवै समूह विचको z मान ०.२७ रहेको छ । z मान ०.०५ सार्थकतामा तालिकाको मान र परीक्षण गरी निकालिएको मानभन्दा कम रहेकोले समुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमतामा कुनै भिन्नता नरहेको प्रमाणित हुन्छ । तर पनि अध्ययनका आधारमा सामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको समग्र शब्दभण्डारको मध्यमान संस्थागत विद्यालयको भन्दा राम्रो रहेको देखिन्छ ।

तालिका ४.१४ : सामुदायिक र संस्थागत विद्यालयका विमातृभाषी विद्यार्थीहरूको तुलना

| विद्यालय | सङ्ख्या | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|---|
| सामुदायिक | २१ | ३२.५२ | ८.३७ | ०.४३ |
| संस्थागत | २२ | ३३.५४ | ७.०६ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामासामुदायिक र संस्थतगत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमतालाई तुलना गर्नका लागि सामुदायिक विद्यालयका २१ जना विद्यार्थीहरू

समावेश गरिएको थियो जसको मध्यमान ३२.५२ र मानक विचलन ८.३६ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका २२ जना विद्यार्थीहरू रहेका थिए भने मध्यमान ३३.५४ र मानक विचलन ७.०६ रहेको थियो । उक्त तथ्याङ्कलाई आधार मानेर विश्लेषणला लागि Z परीक्षण गरेर हेर्दा समूहका बीचमा स्पष्ट भिन्नता रहेको देखिंदैन । जुन कुरा Z मान तालिकामा निर्दिष्ट तहमा ०.०५ सार्थक नभएबाट यो कुरा प्रमाणित भएको छ । तर मध्यमानले सामुदायिक विद्यालयमा अध्ययनरत नेपाली विमातृभाषी विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ भने मानक विचलन सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कम छ । त्यसैगरी नेपाली विमातृभाषी  विद्यार्थी सामुदायिक र संस्थागत दुवै विद्यालयका विद्यार्थीको ०.४३ रहेको हुँदा सार्थकता नै रहेको प्रमाणित हुन्छ ।

**समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको विभिन्न समूहमा तुलनात्मक स्थिति**

तालिका ४.१५ : समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थातगत विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालय | मध्यमान | मानक विचलन | Z मान |
|---|---|---|---|
| सामुदायिक | १४.७६ | ३.०२ | ०.०३ |
| संस्थागत | १४.७८ | २.८२ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामा पहिचानात्मक शब्दभण्डार क्षमताको तुलना गर्नका लागि सामुदायिक विद्यालयबाट ५० र संस्थागत विद्यालयबाट ५० गरी जम्मा १०० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान १४.७६ र मानक विचलन ३.०२ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको माध्यमान १४.७८ र मानक विचलन २.८२ रहेको छ । दुवै समूहको Z मान ०.०३ रहेको छ र उक्त तथ्याङ्कीय सूचकलाई आधार मानी विश्लेषण गर्न Z परीक्षण गरी हेर्दा दुवै समूह बिचमा स्पष्ट भिन्नता नरहेको देखिन्छ जुन कुरा Z मान तालिकामा निर्दिष्ट तहमा ०.०५ सार्थक नभएबाट प्रमाणित हुन जान्छ । तर मध्यमानले सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत

विद्यालयका विद्यार्थी राम्रो देखिन्छन् भने मानक विचलन समेत संस्थागत विद्यालयका विद्यार्थीको कम रहेको छ ।

तालिका ४.१६ : लिङ्गगत दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | १४ | ३.२ | ०.०९ |
| संस्थागत | २५ | १३.९२ | ३.८१ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा सामुदायिक र संस्थागत विद्यालका २५/२५ जना छात्रहरूलाई नमुना विद्यार्थीका रूपमा छनोट गरिएको छ जसमा सामुदायिक विद्यालयका छात्रहरूको मध्यमान १४ र मानक विचलन ३.२ रहेको छ भने संस्थागत विद्यालयका छात्रहरूको मध्यमान १३.९२ र मानक विचलन २.८१ रहेको छ । दुवै समूहको z मान ०.०९ रहेको छ । उक्त तथ्याङ्कीय सुचकलाई आधार मानेर विश्लेषणका लागि z परीक्षण गरेर हेर्दा ०.०५ को सार्थता नभएबाट सामुदायिक र संस्थागत विद्यालयको पहिचानात्मक शब्दभण्डार क्षमतामा समानता रहेको पाइयो ।

तालिका ४.१७ : पहिचानात्मक शब्दष्णडार क्षमतामा सामदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | १५.५२ | ४.९९ | ०.१० |
| संस्थागत | २५ | १५.६४ | २.५६ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका २५/२५ जना छात्राहरू नमुनाका रूपमा लिइएको छ । सामुदायिक विद्यालयका छात्राहरूको मध्यमान १५.५२ र मानक विचलन

४.९९ रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मध्यमान १५.६४ र मानक विचलन २.५६ रहेको छ । दुवै समूहको तथ्याङ्कलाई आधार बनाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा समानता रहेको कुरा स्पष्ट हुन्छ । किनकी सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूबिच Z मान परीक्षणको तुलनात्मक स्थिति मा Z मान ०.१० रहेको  र उक्त मान ०.०५ तहको सार्थकता नभएकाले यो कुरा प्रमाणित भएको छ ।

तालिका ४.१८ : भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालय | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z माा |
|---|---|---|---|---|---|
| सामुदायिक | मातृभाषी | २९ | १५.१३ | २.५९ | ०.०१५ |
| संस्थागत | विमातृभाषी | २८ | १५.१४ | २.३६ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा पहिलो भाषाका दृष्टिकोणले पहिचानात्मक क्षमता परीक्षण गर्न सामुदायिक विद्यालयका २९ जना र संस्थागत विद्यालयका २८ जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमान १५.१३ र मानक विचलन २.५९ रहेको छ । त्यस्तैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान १५.१४ र मानक विचलन २.३६ रहेको छ । उक्त तथ्याङ्कलाई आधार बनाई तुलना गर्दा सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको z मान परीक्षण गर्दा ०.०१५ आएको र Z मान ०.०५ तहमा सार्थक नरहेकाले सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा कुनै भिन्नता नरहेको कुरा प्रष्ट हुन्छ ।

तालिका ४.१९ : भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
| --- | --- | --- | --- | --- |
| सामुदायिक | २१ | १४.२३ | ३.५६ | ०.१२ |
| संस्थागत | २२ | १४.३६ | ३.२६ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामा भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली विमातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता मापन गर्नका लागि सामुदायिक विद्यालयका २१ जना र संस्थागत विद्यालयका २२ जना विद्यार्थीहरू नमुना विद्यार्थीका रूपमा रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलन क्रमशः १४.२३ र ३.५६ रहेको छ भने संस्थागत विद्यालयतर्फ क्रमशः १४.३६ र ३.२६ रहेको छ । उक्त तथ्याङ्कलाई आधार मानेर तुलनात्मक विश्लेषण गर्दा z मान ०.१२ आएको र z मान ०.०५ को तहमा सार्थक नभएबाट यो कुरा प्रमाणित हुन्छ कि भाषिक पृष्ठभूमिका आधारमा सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू बिचमा स्पष्ट भिन्नता रहेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीभन्दा संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थी राम्रा देखिन्छन् ।

तालिका ४.२० : समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालय | मध्यमान | मानक विचलन | z मान |
| --- | --- | --- | --- |
| सामुदायिक | १८.९६ | ४.५५ | ०.७० |
| संस्थागत | १९.५८ | ४.३९ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामा उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना गर्नका लागि सामुदायिक र संस्थागत विद्यालयबाट प्रतिनिधि हुने गरी ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई

नमुना विद्यार्थीको रूपमा छनोट गरिएको छ जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको मध्यमान १८.९६ र मानक विचलन ४.५५ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान १९.५८ र मानक विचलन ४.३९ रहेको छ। उक्त तथ्याङ्कलाई आधार मानी तुलनातमक विश्लेषण गर्दा z मान ०.७० निर्दिष्ट ०.०५ तहमा सार्थक नभएबाट सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमतामा कुनै पनि अन्तर नरहेको पुष्टि हुन्छ।

तालिका ४.२१ : लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | २१.४८ | ८.४२ | १.१६ |
| संस्थागत | २५ | १९.३२ | ३.९० | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

प्रस्तुत तालिकामा सामुदायिक विद्यालयबाट २५ जना र संस्थागत विद्यालयबाट २५ जना गरी जम्मा ५० जना छात्रहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। सामुदायिक विद्यालयका छात्रहरूको मध्यमान २१.४८ र मानक विचलन ८.४२ रहेको छ भने संस्थागत विद्यालयका छात्रहरूको मध्यमान १९.३२ र मानक विचलन ३.९० रहेको छ। सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको बिचमा z मान परीक्षण गरी तुलना गरी विश्लेषण गर्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा समानता रहेको पाइयो जुन कुरा ०.०५ को तहको सार्थकता z मान १.१६ आएबाट प्रमाणित हुन्छ।

तालिका ४.२२ : लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २५ | १९.६ | ४.५१ | ०.१८ |
| संस्थागत | २५ | १९.८४ | ४.८१ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

उत्पादात्मक शब्दभण्डार क्षमताको परीक्षणका लागि सामुदायिक विद्यालयका २५ जना र संस्थागत विद्यालयका २५ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ। सामुदायिक विद्यालयका छात्राहरूको मध्यमान १९.६ र मानका विचलन ४.५१ रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मध्यमान १९.८४ र मानक विचलन ४.८१ रहेको छ। दुवै समूहमा z मान ०.०५ तहमा सार्थक नभएको हुँदा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमतामा कुनै भिन्नता छैन।

तालिका ४.२३ : भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २९ | १९.४४ | ३.९० | ०.३७ |
| संस्थागत | २८ | १९.८५ | ४.२८ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामा भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको विश्लेषण गर्न सामुदायिक विद्यालयबाट २९ र संस्थागत विद्यालयबाट २८ गरी जम्मा ५७ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। सामुदायिक विद्यालयका छात्राहरूको मध्यमान १९.४४ र मानक विचलन ३.९० रहेको छ भने संस्थागत विद्यालयका छात्राहरूको मध्यमान १९.८५ र मानक विचलन ४.२८ रहेको छ। यी दुवै विद्यालयका छात्राहरूको z मान ०.३७ रहेको छ। z मान ०.०५ निर्दिष्ट तहमा तुलना गर्दा ०.३७ सार्थकताको तहमा नरहेको हुँदा सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी छात्राहरूका बिचमा भिन्नता नरहेको देखिन्छ। तर सामुदायिक विद्यालयका छात्राहरूकोभन्दा संस्थागत विद्यालयका छात्राहरूको मानक विचलन बढी रहेको हुँदा संस्थागत विद्यालयका विद्यार्थीहरूमा असमानता रहेको पनि पुष्टि हुन्छ।

तालिका ४.२४ : सामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना

| विद्यालय | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | z मान |
|---|---|---|---|---|
| सामुदायिक | २१ | १८.२८ | ५.३० | ०.६२ |
| संस्थागत | २२ | १९.२२ | ४.५६ | |

स्रोत : प्रयोगात्मक परीक्षण, २०७२

माथिको तालिकामा दोस्रो भाषा सामुदायिक र संस्थागत विद्यालयका क्रमशः २१ र २२ जना नेपाली मातृभाषी विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान १८.२८ र मानक विचलन ५.३० रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान १९.२२ र मानक विचलन ४.५६ रहेको छ । उक्त दुवै समूहका विद्यार्थीहरूको Z मान ०.६२ रहेको छ । यसरी भाषिक दृष्टिमा दोस्रो भाषा नेपाी बोल्ने विद्यार्थीहरू बिचमा कुनै भिन्नता नरहेको पुष्टि Z मान ०.०५ को सार्थकताको तहमा रहेको कारण प्रमाणित भएको छ ।

सामुदायिक विद्यालयका ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखियो भने संस्थागत विद्यालयका ४४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानका दृष्टिले संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थी राम्रा रहेका देखियो त्यसैगरी संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमता राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयका छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता राम्रो रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका मातृभाषीको शब्दभण्डार राम्रो रहेको पाइयो । संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विमातृभाषी विद्यार्थीको शब्दभण्डार राम्रो रहेको थियो । संस्थागत विद्यालयका विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता उच्च रहेको देखियो ।

सामुदायिक र संस्थागत विद्यालयका छात्रभन्दा छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो देखिएको पाइयो । सामुदायिक र संस्थागत विद्यालयका मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता समान रहेको देखिन्छ । त्यसैगरी संस्थागत

विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो भएको पाइयो । सामुदायिक विद्यालयका छात्रहरूको भन्दा छात्राहरूको उत्पादनात्मक क्षमता राम्रो रहेको देखियो । संस्थागत विद्यालयका छात्रहरूकोभन्दा छात्राहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो रहेको देखियो भने संस्थागत विद्यालयका मातृभाषी नेपाली हुनेहरूको शब्दभण्डार क्षमता विमातृभाषी नेपाली हुनेहरूको भन्दा राम्रो रहेको पाइयो । यसरी समग्रमा संस्थागतभन्दा सामुदायिक विद्यालयकका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो पाइयो ।

# अध्याय : पाँच

## उपसंहार

शोधकार्यको उद्देश्यमा उपयुक्त समस्याहरू अध्ययन विश्लेषण गरेर समस्या समाधान गर्नु हो । यस अध्ययनलाई झापा जिल्लाका पाँचवटा सामुदायिक र  पाँचवटा संस्थागत विद्यालयमा सीमित गरिएको छ । सामुदायिक विद्यालयका दश जना र संस्थागत विद्यालयका दश जना गरी जम्मा सय जना विद्यार्थीमा सीमित गरिएको छ । कक्षा सातको 'मेरो नेपाली किताबमा' समाविष्ट शब्दभण्डारमा सीमित गरिएको छ । विद्यालयको स्वरूप भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता सम्बन्धी परीक्षणबाट प्राप्त तथ्यको साङ्ख्यिकीय विश्लेषणमा सीमित गरिएको छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता हेर्दा मध्यमानका दृष्टिले सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो देखियो । छात्र र छात्राको शब्दभण्डार क्षमता हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूमा छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता राम्रो देखियो ।  संस्थागत विद्यालयका छात्रहरूको भन्दा छात्राहरूको शब्दभण्डार राम्रो देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी र विमातृभाषी बिचको तुलना गर्दा मातृभाषी विद्यार्थीको शब्दभण्डार क्षमता राम्रो देखियो । पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमतालाई हेर्दा पहिचानात्मक शब्दभण्डार क्षमतामा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक देखिए तापनि उत्पादनात्मक शब्दभण्डार क्षमतामा विद्यार्थीहरू कमजोर देखिएका छन् । पहिचानात्मक क्षमतामा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू अगाडि देखिन्छन् । त्यस्तै छात्र र छात्राहरूको तुलना गर्दा छात्रहरूकोभन्दा छात्राहरूको शब्दभण्डार क्षमता राम्रो छ । यसरी नेपाली मातृभाषी र नेपाली विमातृभाषीविद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता तुलना गर्दा मातृभाषी विद्यार्थीहरू राम्रा देखिन्छन् । उत्पादनात्मक शब्दभण्डार क्षमतामा संस्थागत विद्यालयकाभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू राम्रा देखिन्छन् । छात्रा र छात्रको तुलना गर्दा छात्रहरूकोभन्दा छात्राहरूको शब्दभण्डार क्षमता राम्रो देखिन्छ भने नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको तुलना गर्दा नेपाली विमातृभाषीहरूकोभन्दा मातृभाषीहरूको शब्दभण्डार क्षमता राम्रो देखिन्छ । संस्थागत विद्यालयका छात्रभन्दा छात्राको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो देखियो र नेपाली मातृभाषी  विद्यार्थी र विमातृभाषी विद्यार्थी बिच समानता नै देखियो ।

## निष्कर्ष

झापा जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यायका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनाबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ ।

क. समग्र शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उपलब्धिमध्यमानलाई आधार बनाएर हेर्दासंस्थागत विद्यालयका बढी विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छ ।

ख. समग्र शब्दभण्डार क्षमतालाई लिङ्गगत दुष्टिलेसामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको तुलना गर्दा संस्थागत विद्यालयका छात्रहरू भन्दा सामुदायिक विद्यालयका छात्रहरू उत्कृष्ट देखिन्छन् । मध्यमान भने संस्थागत विद्यालयको बढी रहेको छ । भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी सामुदायिक विद्यालयका बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् ।  दोस्रो भाषा नेपाली हुने सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरू उत्कृष्ट रहेका छन् । त्यसैगरीसंस्थागत विद्यालयका बहुसङ्ख्यक नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमान भन्दा तल रअल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन् । यसै गरीसंस्थागत विद्यालयका अल्पसङ्ख्यक नेपाली विमातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा माथि र बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । समग्रमा सामुदायिक र संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरू उत्कृष्ट छन् भने नेपाली विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता कमजोर रहेको छ ।

ग. पहिचानात्मक शब्दभण्डार क्षमतामा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू राम्रो देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरू माध्यमानभन्दा तल हुनेको सङ्ख्या धेरै रहेका छन् ।

घ. लिङ्गगत दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक विद्यालयका छात्रहरूभान्दा छात्राहरूको मध्यमानभन्दा माथि हुने सङ्ख्या बहुसङ्ख्यक छन्  भने मध्यमान भन्दा तल अल्पसङ्ख्यक छन् । यसरी हेर्दा सामुदायिक विद्यालयका छात्रभन्दा छात्राहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो देखिन्छ । त्यस्तै संस्थागत विद्यालयतर्फ पनि छात्रहरूभन्दा छात्राहरू नै सबल देखिन्छ । भाषिक पृष्ठभूमिबाट हेर्दा सामुदायिक विद्यालयका बहुसङ्ख्यक नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि

र अल्पसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । संस्थागत विद्यालयतर्फ नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमतामा पनि नेपाली मातृभाषीको पहिचानात्मक शब्दभण्डार राम्रो रहेको छ । यसरीसामुदायिक विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो देखिन्छ भने संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्कृष्ट छन् ।

ङ. उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिच झण्डै-झण्डै समानताको स्थिति देखिन्छ तर मध्यमानका दृष्टिले हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो देखिन्छ ।

च. लिङ्गगत आधारमा हेर्दा सामुदायिक विद्यालयका छात्राहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो रहेको छ । संस्थागत विद्यालयतर्फ छात्रहरूभन्दा छात्राहरू सबल देखिन्छन् भने छात्राहरूको मध्यमानभन्दा माथिको सङ्ख्या अधिक र मध्यमानभन्दा तलको सङ्ख्या कम रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू उत्कृष्ट देखिन्छन् । त्यसैगरीसामुदायिक विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमता राम्रो रहेको छ ।

छ. समग्र शब्दभण्डार क्षमताका सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा सार्थक अन्तर पाइँदैन Z मान ०.५८ रहेको छ भने Z मान ०.०५ सिद्ध नहुनुले भिन्नता नरहेको स्पष्ट छ तर सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक क्षमताको अवस्था राम्रो रहेको छ ।

ज. समग्र शब्दभण्डार क्षमतामा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा अन्तर पाइँदैन । मध्यमानमा विभेद देखिए तापनि Z मान ०.०५ तहमा सार्थक नभएबाट लिङ्गगत दृष्टिले सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको शब्दभण्डारमा समानता रहेको पाइन्छ ।

झ. समग्र शब्दभण्डारमा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमतामा कुनै अन्तर पाइदैन । मध्यमानमा विभेद देखिएता पनि Z मान ०.०५ तहमा सार्थकताका आधारमा प्रमाणित हुन सकेको छैन ।

ञ. भाषिक पृष्ठभूमिका आधारमा समग्र शब्दभण्डार क्षमतामा नेपाली मातृभाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी बिच सार्थक अन्तर रहेको छैन । Z मान ०.०५ भन्दा तल भएकाले दुवै फरक मान्न सकिन्न ।

ट. सामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू बिचमा समग्र शब्दभण्डार क्षमतामा समानता रहेको छ । दुवै समूह बिच परीक्षण गरी हेर्दा भन्दा Z मान ०.०५ तहमा ०.४३ आएबाट यो कुरा प्रस्ट भएको छ ।

ठ. समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थतगत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा भिन्नता रहेको पाइँदैन । Z मान ०.०५ तहमा सार्थक नभएबाट यो कुरा प्रमाणित हुन्छ ।

ड. पहिचानात्मक शब्दभणडार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको तुलना गर्न Z मान परीक्षण गरी हेर्दा मान तहमा ०.०९ आएबाट उक्त दुई समूहका बिच भिन्नता नरहेको प्रमाणित हुन्छ ।

ढ. पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूका बिच सार्थक अन्तर छैन । उक्त कुरा Z मान ०.१० सार्थकताका आधारमा सार्थक नभएकाले प्रमाणित भएको छ । त्यसैले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरूमा समानता पाइन्छ ।

ण. भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालका नेपाली मातृभाषी विद्यार्थीहरू बिच भिन्नता रहेको छैन । उक्त कुरा Z मान ०.०५ तहमा सार्थक नरहेकाले गर्दा प्रमाणित भएको छ ।

त. पहिचानात्मक शब्दभण्डार क्षमतामा विद्यार्थीको भाषिक पृष्ठभूमिलेसामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरू बिचमा भिन्नता नरहेको कुरा Z मान ०.०५ तहमा सार्थक नभएकाले प्रमाणित भएको छ ।

थ. समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका बिचमा उत्पादनात्मक शब्दभणडार क्षमतामा मध्यमान विभेद देखिए तापनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमतामा समानता देखिन्छ । जुन कुरा Z मान ०.७० आएबाट प्रमाणित भएको छ ।

द. उत्पादनात्मक शब्दभण्डार क्षमतामा सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूमा सार्थक अन्तर रहेको छैन । यसको पुष्टि Z मानमा ०.०५ तहमा सार्थक नभएकाले प्रमाणित भएको छ ।

ध. उत्पादनात्मक शब्दभण्डार क्षमातामा सामुदायिक र संस्थागत विद्यालयका छात्रहरूको समानता रहेको पाइन्छ । यसको पुष्टि Z मान ०.०५ तहमा सार्थकतामा हुन नसकेकोबाट प्रमाणित हुन्छ तर मध्यमानका दृष्टिमा संस्थागत विद्यालयका विद्यार्थी सक्षम छन् ।

न. भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली मातृभाषी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी बिच उत्पादनात्मक शब्दभण्डार क्षमतामा सार्थक अन्तर छैन तर मध्यमानका दृष्टिमा संस्थागत विद्यालयका विद्यार्थी सक्षम छन् ।

प. सामुदायिक र संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको उत्पादनात्मक शब्दभण्डार क्षमतामा सार्थक अन्तर रहेको छ । जुन कुरा Z मान ०.०५ तहमा सार्थकतामा प्रमाणित हुनुले पुष्टि गर्दछ । संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थी सामुदायिक विद्यालयका तुलनामा उत्कृष्ट रहेका छन् ।

## उपयोगिता

### नीतिगत तह

शब्दभभण्डार भाषाको आधारभूत व्यवहारिक पक्ष भएकाले विद्यार्थीहरूमा समानापातिक विकास गर्न यसको जोड दिनुपर्छ ।

पाठ्यपुतकमा शब्दहरूको चयन गर्दा पहिलो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई मात्र ख्याल नगरी दोस्रो भाषा तथा बहुभाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीलाई पनि ध्यान दिनुपर्छ ।

एउटै विषयवस्तु भएर पनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमतामा संस्थागत विद्यालयका विद्यार्थी उत्कृष्ट र सामुदायिक विद्यालयका कमजोरी देखिनुले समुदायिक विद्यालयसँग सम्बन्धित शैक्षिक लगानीमा प्रश्न चिन्ह खडा भएको छ । यसमा शिक्षा प्रशासनले कक्षा शिक्षण अवलोकन गरेर शिक्षकलाई त्रुटि निराकरण गराउन नसक्नु, विषय शिक्षणको सोच नभएका, पेसाप्रति बफादार नभएका र सामुदायिक विद्यालयमा शिक्षण गर्नु भनेको केवल आराम गरेर तलब खानुमात्र हो भन्ने साचाइले यो स्थिति आएको छ । त्यसैले यसका लागि प्रशासनिक निरीक्षण प्रभावकारी हुनुपर्ने, शिक्षकहरूलाई भाषा शिक्षण सम्बन्धी गोष्ठीमा सक्रिय गराउनुपर्ने, तालिम अनिवार्य देखिन्छ ।

झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिचानमा मात्र सीमित भएकाले अझ व्यापक रूपमा अध्ययन गर्नुपर्छ ।

राष्ट्रभाषा जस्तो विषयमा एउटै देशमा भएका फरक-फरक विद्यायमा स्पष्ट रूपमा विद्यार्थीको क्षमतामा अन्तर हुनु पक्कै पनि राम्रो होइन । यसका लागि सम्बन्धित सबै पक्षले यस समस्याको समाधानतर्फ सचेत हुनु आवश्यक छ ।

संस्थागत विद्यालयमा नेपाली विषय मात्र नेपाली माध्यममा पढाउँछन् । उनीहरूको ध्येय भनेकै केवल नेपाली विषय पास गराउनु हो । त्यसैले उनीहरू परीक्षामुखी शिक्षण गर्दछन् । तर भाषा सिक्नु परीक्षा पास गर्नु होइन व्यवहारिक परिर्वतन हुने हो । यसका लागि प्रयोग पक्षमा ध्यान दिनुपर्छ ।

**प्रयोगात्मक तह**

- दोस्रो भाषाका रूपमा नेपाली शिक्षण हाम्रो आवश्यकता भएकाले शिक्षण तथा प्रशासनले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।
- भाषा शिक्षणमा प्रयोग हुने सामग्रीहरूको निर्माण र प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।
- संस्थागत विद्यालयका नेपाली विमातृभाषी विद्यार्थी सक्षम छन् तर पहिलो भाषी कमजोर छन् । यस्तो समस्या निराकरण गर्न स्वयम् विद्यार्थीलाई नै यसप्रति कक्षा शिक्षकले सचेत गराउनुपर्छ ।
- उत्पादनात्मक शब्दभण्डार क्षमतामा पहिचानात्मक शब्दभण्डार तुलनामा विद्यार्थीहरू कमजोर देखिन्छन् । यसबाट शिक्षणमा केवल शब्द पहिचानलाई मात्र ध्यान दिएको

देखिन्छ तर व्यवहारमा उत्पादनात्मक सिप आवश्यक हुन्छ । यसका लागि विद्यार्थीहरूलाई शब्द प्रयोग गर्नमा बढी जोड दिनुपर्छ ।

- भाषा शिक्षण गर्दा संज्ञानात्मक पक्षमा जोड नदिई सिप पक्षमा जोड दिइनुपर्छ ।
- नेपाली भाषा शिक्षणप्रतिको खराब दृष्टिकोण त्यागेर केवल सम्बन्धित विषय शिक्षकलाई मात्र शिक्षण गर्न दिइनुपर्छ ।
- भाषा शिक्षणका आधुनिक प्रमुख विधि प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण गरिनुपर्छ ।
- भाषा शिक्षणमा शुद्ध, स्तरीय र मानक भाषाको प्रयोग गरिनुपर्छ ।
- नेपाली भाषाको शिक्षण गर्दा कक्षामा भाषिक वातावरण अनुकुल बनाउनुपर्छ । यसबाट विद्यार्थीले सोही भाषाको प्रयोग गर्न सक्नु ।

**अनुसन्धान तह**

प्रस्तुत झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता सम्बन्धी अध्ययन अनुसन्धान झापा जिल्लाका पाँचवटासामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० जना गरी १०० जना विद्यार्थीहरूमा आधारित रहेको छ । यस अध्ययनको लागि सामग्री सङ्कलनको क्रममा झापा जिल्लाका १० वटा विद्यालयका १०/१० जना विद्यार्थीहरूको शब्दभण्डार क्षमता सम्बन्धी अध्ययन र त्यसमा देखिने समस्याहरूलाई विभिन्न शीर्षक उपशीर्षकका आधारमा हेरी अध्ययन विश्लेषण गरी त्यसबाट निस्किएको निष्कर्षका आधारमा सुझाव समेत दिने प्रयास गरिएको छ । वस्तुतः यो एउटा सानो क्षेत्रको सानो योजना मात्र हो । यस अध्ययनमा आफ्नो अध्ययनको प्रयोजन अनुरूप संक्षिप्त रूपमा सानो क्षेत्रलाई आधार मानेर अध्ययनका परिणामहरू प्रस्तुत गरिएका छन् । अध्ययनलाई विश्वसनीय बनाउनको निमित्त अध्ययनका वस्तुगत यथातथ्यलाई आधारको रूपमा लिएर यथार्थ कुराहरूलाई संक्षिप्त र सत्य रूपमा प्रस्तुत गरिएको छ । हुन त कुनै पनि कार्य आफैंमा पूर्ण त हुँदैन नै । त्यसैले थोरै विद्यालयमा गरिएको सर्वेक्षण र नमुना अध्ययनका आधारमा मात्र यो अध्ययन तयार गरिएकोले भावी दिनमा शब्दभण्डार क्षमता सम्बन्धी अझै सुक्ष्मतम गहिराइसम्म गएर कक्षा सातमा अध्ययनरत विद्यार्थीको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गरी उक्त तहका अझ अरू विद्यार्थीहरूको पढाइ स्तर के कस्तो छ ? भनी पूर्ण अध्ययन गरी देखिएका समस्या निराकरण गर्नतिर पनि लाग्नु पर्ने आवश्यकता रहेको महशुस गरिएको छ । त्यसैले आगामी दिनमा शब्दभण्डार क्षमताका विभिन्न पक्षको तुलनात्मक अध्ययन गरिनु आवश्यक छ । आगामी दिनमा थप अध्ययन अनुसन्धान गर्नका लागि निम्नानुसारका अनुसन्धान शीर्षकहरू सिफारिस गरिएको छ :

क. नेपाली मातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

ख. नेपाली विमातृभाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

ग. सामुदायिक विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको स्थितिको अध्ययन

घ. संस्थागत विद्यालयका विद्यार्थीको शब्दभण्डार क्षमताको स्थितिको अध्ययन

अन्त्यमा शब्दभण्डार क्षमता सम्बन्धी गरिएको एउटा सानो अध्ययनबाट नै भए पनि यस क्षेत्रसँग सम्बन्धित सबै पक्षहरूलाई अध्ययनको उद्देश्य साथै प्रयोजन अनुरूपको थोर बहुत जानकारी यस अध्ययनले अवश्य दिनेछ । भावी दिनहरूमा यसै विषयसँग निकट रहेर अध्ययन अनुसन्धान गर्नुहुने अध्ययनकर्ता शोधार्थी महानुभावहरूलाई साथै जिज्ञासु जो कोहीलाई एउटा महत्त्वपूर्ण आधारसामग्री अवश्य हुन सक्ला नै । तै पनि यसलाई पूर्णता साथै समग्र अध्ययनबाट आधिकारिकता खोज्न धेरै त्याग, तपस्या, समय, श्रम, लगानीबाट मात्र सम्भव हुने भएकाले आगामी दिनहरूमा शब्दभण्डार क्षमता सम्बन्धी अझै फराकिलो दृष्टि साथै सोच हुनुपर्ने आवश्यकता रहेको छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५७), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, केशवराज (२०६०), *कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

अर्याल, निर्मला (२०६७), *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण, परिचय र प्रयोग,* काठमाडौँ : मनकामना प्रकाशन ।

ढुङ्गेल, दामोदर (२०६१), *काठमाडौँ उपत्यकाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

दाहाल, दुर्गा प्रसाद (२०६१), *साधारण नेपाली,* काठमाडौँ : के.पी.पुस्तक भण्डार ।

दाहाल, दुर्गा प्रसाद (२०६१), *नरेन्द्र दाइको शैलीवैज्ञानिक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

नेपाल सरकार (२०७१), *हाम्रो नेपाली किताब, कक्षा आठ,* भक्तपुर : पाठ्क्रम विकास केन्द्र, सानोठिमी ।

नेपाली भाषा शिक्षा विभाग, *सम्प्रेषण अङ्क ४,* त्रि.वि., कीर्तिपुर, पृ.१७-४४ ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पौडेल, अमृता (२०६९), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

फुयाँल, विष्णुप्रसाद (२०७१), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६०), *प्राथमिक तह (१-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०६५), *निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय, कीर्तिपुर ।

श्रेष्ठ, यशोदाकुमारी (२०६७), *सिन्धुली जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

श्रेष्ठ, रञ्जिताकुमारी (२०६९), *महोत्तरी जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्व विद्यालय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

**कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमता**

**परिशिष्ट १**

**प्रयोगात्माक अभ्यास**

समय : १ घण्टापूर्णाङ्क : ५०

विद्यालयको नाम : ........................................................................................

विद्यार्थीको नाम : .................................................. लिङग : ....................

**खण्ड (क)**

**(क) ठिक अर्थमा (√) चिन्हलगाऊः १०**

(१) 'अमृत'शब्दको उपयुक्त अर्थ के हो ?

(क) बिष (ख) मिठास (ग) सुधा (घ) तागत

(२) 'गिरि' शब्दले कुनअर्थलाई जनाउँछ ?

(क) हिमाल (ख) उच्च (ग) चन्द्रमा (घ) पहाड

(३) 'मर्म' शब्दको उपयुक्त अर्थ के हो ?

(क) खुशी (ख) पीडा (ग) हाँसो(घ) सहयोग

(४) 'सुदृढ' शब्दको उपयुक्त अर्थ के हो ?

(क) बलियो (ख) राम्रो (ग) गतिलो (घ) कमजोर

(५) 'विरवल'शब्दको अर्थ के हो ?

(क) लाटो (ख) बाठो (ग) वुद्धिमानी (घ) असल

(६) 'पुण्य'शब्दको उपयुक्तअर्थ के हो ?

(क) पुरानो (ख) पूर्वतयारी (ग) खराब (घ) शुभफल

(७) 'कन्जुस'शब्दको अर्थ के हो ?

(क) दानी (ख) लोभी (ग) दयालु (घ) खराव

(८) 'उषा'शब्दको उपयुक्तअर्थ के हो ?

(क) आकाश (ख) उसुक्ता (ग) समीर (घ) विहान

(९) 'विशाल'शब्दको अर्थ के हो ?

(क) विश्वास (ख) ठूलो (ग) कमजोर (घ)उच्च

(१०) 'बीज'शब्दको उपयुक्तअर्थ के हो ?

(क) बिच (ख) विचार (ग) फल (घ) बिऊ

**(ख) कोष्ठकमादिइएको उपयुक्त शब्द छानेर खाली ठाँउ भर : १०**

(१) झमकको चर्चित उपन्यास ..........................हो ।(शिरिषको फूल, जीवन काँडा किफूल, झोला)

(२) आयशब्दको विपरीतार्थशब्द ……………………हो। (आर्जन, व्यय, विवरण )

(३) माधुर्यको पर्यायवाचीशब्द ……………………… हो। (मधुर, सुमधुर, मणि)

(४) जुनसुकै देशकानिम्तिपनिपर्यटकहरु ……………. मानिन्छन् ।(गुप्तचर, सुराकी, अनमोल सम्पति)

(५) परहितशब्दको अर्थ……………………………हुन्छ ।(अर्काको भलाइ, आफ्नो भलाइ,खराबकार्य गर्नु)

(६) तीर शब्दको अनेकार्थी शब्द …………………होइन ।(किनार, वाण, चम्किलो)

(७) आफ्नो देशभित्रको ठाँउमा भ्रमण गर्नुलाई ……………………… भनिन्छ।(बाह्यपर्यटन, आन्तरिक पर्यटन, पर्यटन)

(८) गुरुले मेरो गृहकार्यको …………………………गर्नुभयो ।(मूल्याङ्कन, परीक्षा, परोपकार)

(९) छठ पर्वको दिन……….हरु रातभर जाग्रम वस्छन् ।(व्रतालु, महिला, पुरुष)

(१०) गगनशब्दको अर्थले ……………………लाई जनाउँछ ।(अमर, शिर, आकाश)

**खण्ड (ख)**

**(अ) तल दिइएका परिभाषाका आधारमा खाली ठाँउमा मिल्ने शब्द राख : ५**

(१) अरुका लागि गरिने हितलाई………………………… …. भन्निछ ।

(२) कानुका आधारमा चल्ने व्यवस्थालाई ………………………… भन्निछ ।

(३) चिरफारद्वारा गरिने उपचारलाई…………………………… भन्निछ ।

(४) समाचार सम्पादन गर्ने व्यक्तिलाई ………………………… भन्निछ ।

(५) देशको मूल कानुनलाई ………………………………… भन्निछ ।

**(आ) खाली ठाँउमा मिल्ने शब्द राख : ५**

(१) इन्द्रका अगाडि स्वर्गको…………………………… ।

(२) प्राकृतिक सुन्दरताको अवलोकन गरेर रमाउदै हिड्ने मानिस……………. हो ।

(३) सम्पतिमा सबैको हाइहाइ विपतिमा कोही छैन ………………………… ।

(४) सबैसँग मिलेर बस्ने मानिसलाई ……………………… भनिन्छ ।

(५) दुईओटा बाटाको समूहलाई .................................. भन्निछ ।

## खण्ड ग

**(अ) तल दिइएका शब्दको अर्थ लेख : १०**

(क) नेतृत्व ........................................................

(ख) कष्टकर ......................................................

(ग) दुर्लभ .........................................................

(घ) जाल ...........................................................

(ङ) प्रेरणा ......................................................

(च) विकृति ...........................................................

(छ) सैर ..........................................................

(ज) प्रतिभा..........................................................

(झ) भेद र भाव.........................................................

(ञ) निधो ..................................................................

**(आ) तल दिइएका शब्दहरुको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : १०**

(क) तोरीको फुल देख्नु : .................................................................. ।

(ख) सङ्कटः .......................................................... ...................... ।

(ग) दुर्लभः ........................................................... ...................... ।

(घ) प्राकृतिकः ..................................................... ...................... ।

(ङ) बाटो देखाउनुः ...................... ............................. ...................।

(च) परिश्रमीः ...................... ............................. ................... ...... ।

(छ) प्रतिभाः ...................... ............................. ................... ........।

(ज) हिम्मतगर्नु : ...................... ............................. ................... ..।

(झ) बाँदरकाहातमानरिवलः ...................... .............................. . .....।

(ञ) घोषणा : ...................... ............................. ................... ........।

<u>धन्यवाद</u>

## परिशिष्ट २

## विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

### सामुदायिक विद्यालयहरू

### १. भानु उच्च माध्यमिक विद्यालय, शनिअर्जुन

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | केपी भट्टराई | ४५ | ६. | खेम तिम्सिना | ३७ |
| २. | सुदिप राजवंशी | ४४ | ७ | कमला खड्का | ३६ |
| ३. | सविता राजवंशी | ४४ | ८. | अनिस वि.क. | ३४ |
| ४. | दिब्या गिरी | ४१ | ९. | प्रियङ्का कार्की | ३१ |
| ५. | ममता बराइदली | ३८ | १० | सुमन तामाङ्ग | २५ |

### २. सरस्वती माध्यमिक विद्यालय, बाहुनडाँगी

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | पूर्णीका अधिकारी | ४१ | ६. | अंकित बास्तोला | ३६ |
| २. | देव खड्का | ३९ | ७ | अविनाश मगर | ३२ |
| ३. | रीना वि.क | ३८ | ८. | निकिता सेन्चुरी | ३१ |
| ४. | खुसी पोखेल | ३७ | ९. | अनिस बरुवा | ३१ |
| ५. | शोस्तिका कार्की | ३६ | १० | राज दर्जी | २० |

### ३. श्री शुक्रराज निम्न माध्यमिक विद्यालय गरामनी

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | सम्झना श्रेष्ठ | ४१ | ६. | प्रताप हेमरम | ३३ |
| २. | शान्ति तामाङ्ग | ४१ | ७ | अमर मण्डल | ३३ |
| ३. | सुष्मा मगर | ४० | ८. | बविता चौधरी | ३२ |
| ४. | दिपक भण्डारी | ४० | ९. | सुनिल मर्डी | ३१ |
| ५. | सपना श्रेष्ठ | ३४ | १० | अशोक थापा | २९ |

## ४. राष्ट्रिय रमणीय आदर्श उच्च माध्यमिक विद्यालय शिवशताक्षी

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | सोनिका खनाल | ३६ | ६. | पदम गौतम | २६ |
| २. | अस्मिता राई | ३४ | ७ | पृथ्वीराज मगर | २५ |
| ३. | लेखनाथ शिवाकोटी | ३२ | ८. | कृष्णप्रसाद कोईराला | २४ |
| ४. | अर्चना गिरी | २७ | ९. | विप्लव राई | १३ |
| ५. | भावना परियार | २७ | १० | शशीकला राई | १२ |

## ५. मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | कञ्चन भट्टराई | ४१ | ६. | मनोज राजवंशी | ३६ |
| २. | सदिक्षा न्यौपाने | ३९ | ७ | गोपाल शाह | ३५ |
| ३. | बविता राजवंशी | ३९ | ८. | रुपेश सापकोटा | ३४ |
| ४. | समिर बिष्ट | ३८ | ९. | आरती गौतम | ३४ |
| ५. | आषिस ढकाल | ३६ | १० | विनिता चौधरी | २८ |

## संस्थागत विद्यालयहरू

## १. श्री पाथीभरा एजुकेशन एकाडेमी लक्ष्मीपुर

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | प्रिया खरेल | ४१ | ६. | रेजिना श्रेष्ठ | ३० |
| २. | प्रमिला अचार्य | ४१ | ७ | निकेश बराल | २९ |
| ३. | आयुष थापा | ४० | ८. | विशाल राजंशी | २८ |
| ४. | सुनिल लम्साल | ३७ | ९. | पूर्णीमा शर्मा | २४ |
| ५. | केशव मिश्र | ३५ | १० | शुशिला राजवंशी | २२ |

**२. न्युटन्स एजुकेशन एकाडेमी, विर्तामोड**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | राहुल महेश्वरी | ४७ | ६. | स्वस्तिका लाम्गादे | ४३ |
| २. | खुश्वु अग्रवाल | ४७ | ७. | रिसिता डालमिया | ४२ |
| ३. | हर्षिता जाजोडिया | ४५ | ८. | मनिस अधिकारी | ४१ |
| ४. | देव्यानी वजगाई | ४४ | ९. | अनुराग दास | ३६ |
| ५. | उज्जवल खरेल | ४४ | १० | प्रवास पौडेल | ३२ |

**३. सुनगाभा अङ्ग्रेजी स्कुल, विर्तामोड**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | निर्मला तामाङ्ग | ३७ | ६. | बद्धिराज परा | ३३ |
| २. | ऐस्वरा राई | ३६ | ७. | सुजन तामाङ्ग | ३२ |
| ३. | आषिस अधिकारी | ३४ | ८. | सुनाज तामाङ्ग | ३२ |
| ४. | अनुषा चुडाल | ३३ | ९. | नवराज भट्टराई | ३१ |
| ५. | सुजा सुब्बा | ३३ | १० | कल्पना तिवारी | २९ |

**४. झापा मेरिगोल्ड सेकेन्डरी अङ्ग्रेजी विद्यालय, सुरुङ्गा**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | अविशेक ओझा | ३२ | ६. | रोहन ल्वागुन | २८ |
| २. | निश्चल थापा | ३१ | ७. | रुजा माझी | २७ |
| ३. | स्मृती माझी | २९ | ८. | अस्मिता बिष्ट | २७ |
| ४. | कृषला श्रेष्ठ | २९ | ९. | मोहन वास्की | २७ |
| ५. | जेनिशा भण्डारी | २९ | १० | निराज सुन्दास | २२ |

**५. मेची अङ्ग्रेजी माध्यमिक विद्यालय, शिवसताक्षी**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | आकृता गौतम | ४४ | ६. | ममता मगर | ३५ |
| २. | आसिका अधिकारी | ४३ | ७. | विशाल चेम्जोङ् | ३४ |
| ३. | दिपिसा नेपाल | ४० | ८. | अमिर योगी | ३२ |
| ४. | अशोक लिम्बु | ३८ | ९. | योगेश दहाल | ३१ |
| ५. | मुना दहाल | ३७ | १० | सुमन तामाङ्ग | २५ |

## परिशिष्ट ३
## प्राप्ताङ्कको तालिकीकरण

**सामुदायिक विद्यालयहरू**

| प्राप्ताङ्क (x) | $x^2$ | प्राप्ताङ्क (x) | $x^2$ |
|---|---|---|---|
| ४५ | २०२५ | ३४ | ११५६ |
| ४४ | १९३६ | ३४ | ११५६ |
| ४४ | १९३६ | ३४ | ११५६ |
| ४१ | १६८१ | ३४ | ११५६ |
| ४१ | १६८१ | ३३ | १०८९ |
| ४१ | १६८१ | ३३ | १०८९ |
| ४१ | १६८१ | ३२ | १०२४ |
| ४१ | १६८१ | ३२ | १०२४ |
| ४० | १६०० | ३२ | १०२४ |
| ४० | १६०० | ३४ | ११५६ |
| ३९ | १५२१ | ३१ | ९६१ |
| ३९ | १५२१ | ३१ | ९६१ |
| ३९ | १५२१ | ३१ | ९६१ |
| ३८ | १४४४ | ३१ | ९६१ |
| ३८ | १४४४ | २९ | ८४१ |
| ३८ | १४४४ | २८ | ७८४ |
| ३७ | १३६९ | २७ | ७२९ |
| ३७ | १३६९ | २७ | ७२९ |
| ३६ | १२९६ | २६ | ६७६ |
| ३६ | १२९६ | २५ | ६२५ |
| ३६ | १२९६ | २५ | ६२५ |
| ३६ | १२९६ | २४ | ५७६ |
| ३६ | १२९६ | २० | ४०० |
| ३६ | १२९६ | १३ | १६९ |
| ३५ | १२२५ | १२ | १४४ |
| | | $\Sigma x =$१६८६ | $\Sigma f x^2 =$५९३०८ |

**संस्थागत विद्यालयहरू**

| प्राप्ताङ्क (x) | $x^2$ | प्राप्ताङ्क (x) | $x^2$ |
|---|---|---|---|
| ४७ | २२०९ | ३३ | १०८९ |
| ४७ | २२०९ | ३३ | १०८९ |
| ४५ | २०२५ | ३२ | १०२४ |
| ४४ | १९३६ | ३२ | १०२४ |
| ४४ | १९३६ | ३२ | १०२४ |
| ४४ | १९३६ | ३२ | १०२४ |
| ४३ | १८४९ | ३२ | १०२४ |
| ४३ | १८४९ | ३१ | ९६१ |
| ४२ | १७६४ | ३१ | ९६१ |
| ४१ | १६८१ | ३१ | ९६१ |
| ४१ | १६८१ | ३० | ९०० |
| ४१ | १६८१ | २९ | ८४१ |
| ४० | १६०० | २९ | ८४१ |
| ४० | १६०० | २९ | ८४१ |
| ३८ | १४४४ | २९ | ८४१ |
| ३७ | १३६९ | २९ | ८४१ |
| ३७ | १३६९ | २८ | ७८४ |
| ३७ | १३६९ | २८ | ७८४ |
| ३६ | १२९६ | २७ | ७२९ |
| ३६ | १२९६ | २७ | ७२९ |
| ३५ | १२२५ | २७ | ७२९ |
| ३५ | १२२५ | २५ | ६२५ |
| ३४ | ११५६ | २४ | ५७६ |
| ३४ | ११५६ | २२ | ४८४ |
| ३३ | १०८९ | २२ | ४८४ |
| | | $\Sigma x =$ १७१८ | $\Sigma f x^2 =$६११६० |

## परिशिष्ट ४
## मध्यमान तथा मानक विचलनको गणना

**सामुदायिकविद्यालयको मध्यमान**

$$\text{माध्यमान}(\bar{X}) = \frac{\sum fx}{N}$$

$$= \frac{1686}{50}$$

$$= 33.72$$

**सामुदायिकविद्यालयको मानकविचलन**

$$\sigma = \sqrt{\frac{\sum fx^2 - \frac{(\sum fx)^2}{N}}{N}}$$

$$= \sqrt{\frac{59308 - \frac{(1686)^2}{50}}{50}}$$

$$= \sqrt{\frac{59308 - 56851.92}{50}}$$

$$= \sqrt{\frac{2456.08}{50}}$$

$$= \sqrt{49.12}$$

$$= 7.00$$

**संस्थागत विद्यालयको मध्यमान**

$$\text{माध्यमान}(\bar{X}) = \frac{\sum fx}{N}$$

$$= \frac{1718}{50}$$

$$=34.36$$

**संस्थागत विद्यालयको मानक विचलन**

$$\sigma = \sqrt{\frac{\sum fx^2 - \frac{(\sum fx)^2}{N}}{N}}$$

$$= \sqrt{\frac{61160 - \frac{(1718)^2}{50}}{50}}$$

$$= \sqrt{\frac{61160 - 59030.48}{50}}$$

$$= \sqrt{\frac{2129.52}{50}}$$

$$= \sqrt{42.59}$$

$$= 6.52$$

अब दुवै समूहको परीक्षणबाट निम्नानुसार Z को माननिकालिएको छ ।

| सामुदायिकविद्यालय (समूह क) | संस्थागतविद्यालय(समूह ख) |
|---|---|
| विद्यार्थी सङख्या($N_1$) =५० | विद्यार्थी सङख्या($N_2$) =५० |
| मध्यमान($\overline{X_1}$) = ३३.७२ | मध्यमान($\overline{X_2}$) = ३४.३६ |
| मानकविचलन($S_1$) =७.०० | मानकविचलन($S_2$) =६.५२ |

$$Z = \frac{\bar{X}_2 - \bar{X}_1}{\sqrt{\frac{S_2^2}{N_2} + \frac{S_1^2}{N_1}}}$$

$$= \frac{34.36 - 33.72}{\sqrt{\frac{(6.52)^2}{50} + \frac{(7)^2}{50}}}$$

$$= \frac{0.64}{\sqrt{0.85 + 0.95}}$$

$$= \frac{0.64}{\sqrt{1.83}}$$

$$= \frac{0.64}{1.35}$$

= 0.47

# व्यक्तिवृत

नाम : माधव अधिकारी

जन्म: २०४७।०६।१७

पिताको नाम : इन्द्रनारायण अधिकारी

माताको नाम : भक्तिदेवी अधिकारी

स्थायी ठेगाना : अमरपुर - ६, पाँचथर

सम्पर्क नं : ९८५२६७३६४०

नागरिकता : नेपाली

धर्म : हिन्दू

मातृभाषा : नेपाली

वैवाहिक स्थिति : अविवाहित

पेशा : अध्ययन

शैक्षिक योग्यता :

| क.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | प्रवेशिका | सिंहपुर पशुपति मा.वि., अमरपुर | २०६२ | दोस्रो |
| २. | + २ | अमरपुर उच्च माध्यमिक विद्यालय | २०६५ | दोस्रो |
| ३. | स्नातक | मनकामना बहुमुखी क्याम्पस, विर्तामोड | २०६८ | दोस्रो |
| ४. | स्नातकेत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | २०७२ | |